# नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको छैटौं अधिवेशनमा

# नगरप्रमुख भीमप्रसाद ढुंगानाद्धारा प्रस्तुत आर्थिक बर्ष २०८१/०८२ मा प्रस्तुत

# नीति तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको

## समिक्षा प्रतिवेदन

मितिः- २०८१/०८/१२

नगर उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका पदाधिकारीज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, उपस्थित कर्मचारी मित्रहरु, पत्रकार बन्धुहरु !

नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको यो छैटौं अधिवेशनमा उपस्थित यहाँहरु सवैमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु। देशमा संघीयता लागू भए संगै संविधान अनुरुप तीन तहका सरकार मध्येको जनताको प्रत्यक्ष सहभागिता रहने स्थानीय सरकारका रुपमा नीलकण्ठ नगर सरकार आठ बर्ष पार गर्ने क्रममा आइपुगेको छ। यो गरिमामय क्षणमा स्वतन्त्रता, संघीयता र लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि शाहदत प्राप्त गर्ने शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

स्थानीय सरकार प्रमुखका रुपमा नगरबासीका आवश्यकता र महत्वकांक्षालाई यथोचित सम्बोधन गर्ने सकारात्मक प्रयास निरन्तर गर्दै आएको तपाईंहरुका माझ स्पष्ट नै छ। एकीकृत नगर विकास योजना, आवधिक योजना र विगत ८ बर्षको नीति कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न योजनाबद्ध रुपमा हाम्रो प्रयास निरन्तर छ। हाम्रो काँधमा रहेको स्थानीय सरकारको माध्यमबाट नगरको समग्र विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई हरसम्भव पुरा गर्ने प्रयास हामीले गरिरहेकै छौं। यो जिम्मेवारीलाई इमान्दारिताकासाथ निर्वाह गर्दै हाम्रै कार्यकाल भित्र देशकै नमूना नगरपालिकाको रुपमा नीलकण्ठ नगरपालिकालाई स्थापित गर्ने प्रतिबद्धता पूनः स्मरण गर्न चाहन्छु। यसै प्रतिबद्धता अनुसार स्थानीय सरकारको स्वमुल्यांकन, विपद् ब्यवस्थापन, सुशासन लगायत समग्र सूचकहरुमा नीलकण्ठ नगरपालिका पटक पटक राष्ट्रिय स्तरमा उत्कृष्ठ हुँदै आइरहेको नतिजालाई तपाईंहरुका माझ स-गौरब स्मरण गराउन चाहन्छु। नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको गुणस्तर परिक्षणबाट समेत कार्यसम्पादन र संस्थागत क्षमता मुल्यांकनमा देशभरका स्थानीय सरकारहरु मध्येमा प्रथम स्थान हासिल गरी नीलकण्ठ नगरपालिका र नगरबासीका लागि गौरबसाली इतिहास हामीले

कायम गरेका छौं। यस गौरबसाली क्षणमा नगरपालिकालाई उत्कृष्ठ रुपमा स्थापित गर्न लागि पर्ने सवै जनप्रतिनीधि, कर्मचारीहरु, सङ्घीय सरकार, प्रदेश सरकार एवम् दातृ निकायहरु र सम्पूर्ण नगरबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

हाम्रा सरोकारका सम्पूर्ण निकायसँगको सहकार्यमा नगरबासीले सुम्पिएको ऐतिहासिक जिम्मेवारीलाई इमान्दारिताका साथ पूरा गर्ने अठोट सहितको हाम्रो पाइला निरन्तर रुपमा अघि बढिरहने प्रतिबद्धता समेत पूनः दोहोऱ्याउन चाहन्छु।

**<u>नगरसभा सदस्यज्यूहरु,</u>**

अब म नीलकण्ठ नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को लागि नीति तथा कार्यक्रम र विगतका प्रतिवद्धताहरुको प्रगति अवस्था एवम् समिक्षा तपाईहरु समक्ष प्रस्तुत गर्दैछु। हामीले नगरपालिकाको नीति तथा कार्यक्रम, नेपालको संविधानको भाग ४ धारा ४९, ५० र ५१ अनुसार राज्यले तय गरेको निर्देशक सिद्धान्त, निर्वाचनका बेला हामीले गरेको प्रतिबद्धता, दीगो विकास लक्ष्यका प्राथमिकताहरु, नीलकण्ठ नगरपालिकाको एकीकृत शहरी विकास योजना, भूगोलमा आधारित आवधिक योजना एवम् विभिन्न विषयगत रणनीतिक योजनाहरुका लक्ष्य प्राप्ति गर्ने उद्देश्यका साथ प्रस्तुत गरेकाछौं।

यस अघिका नीति कार्यक्रममा समेटिएका विषयहरु चरणबद्ध रुपमा कार्यान्वयन गर्दै बाँकी प्रतिबद्धताहरुको कार्यान्वयनमा हामीले नीरन्तरता दिँदै आएकाछौं। आर्थिक बर्ष २०८१/०८२ को बार्षिक नीति अनुसार विनियोजित बजेट तथा कार्यक्रमहरु कार्ययोजनाका साथ प्रभावकारी कार्यान्वयनको चरणमा रहेका छन्। चालू बर्षको घोषित नीति अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयनको चौमासिक प्रगतिको अवस्था र प्रभावकारीताको मुल्यांकन भै सार्वजनिक समेत गरी सकिएकोछ। नीति तथा बजेट र कार्याक्रमको कार्यान्वयनमा देखिएका चुनौतिको विश्लेषण गर्दै परिणाममुखी रणनीति बनाउन सरोकारवाला पक्षका विच छलफल र राय सुझाब संकलनको कार्य समेत अघि बढाइएकोछ। एकीकृत शहरी विकास योजनाको आवधिक समिक्षा र मध्यकालिन खर्च सरंचनाको निर्धारित लक्ष्य हासिल गर्ने गरी चालू अर्थिक बर्ष भित्रमा हासिल गरिने मापन योग्य नतिजालाई ध्यानमा राखेर हामीले आर्थिक बर्ष २०८१/०८२ को नीति कार्यक्रम र बजेट प्रस्तुत गरेका थियौं। सो नतिजा प्राप्तिका लागि जनप्रतिनिधि, कर्मचारी, सरोकारवाला निकाय र नगरबासीहरुका माझ उचित समन्वय र साझेदारीको

अभियानलाई हामीले निरन्तरता दिइरहेकाछौं। चालू बर्षमा हामीले सहकार्य गर्न लागेका केहि महत्वपूर्ण आयोजनाहरु प्राविधिक कारणबस आगामी आर्थिक बर्ष देखि शुरु हुन लागेकाले यो बर्षको नीति र बजेटलाई पनि केही संशोधन गर्नुपर्ने देखिएकाले सोही अनुरुप लक्षित नीति र बजेटमा केही परिमार्जन हामी यो सभाबाट गर्दैछौं। नगरपालिकाले यस अघिको नगरसभामा निर्धारण गरेको विषयगत प्राथमिकताका आधारमा नीति तथा कार्यक्रमको प्रगतिको अवस्था समिक्षात्मक रुपमा यस सभामा प्रस्तुत गर्दैछुः

१. नीलकण्ठ नगरपालिकालाई देशकै नमुना नगरको रुपमा विकसित गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचका साथ तय गरिएको गौरबका आयोजना र कार्यक्रमहरु निरन्तर चलिरहेकाछन्। यस अघिका बर्षहरुमा घोषणा गरिएका नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै कार्यान्वयन बाँकी भएका सवै नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन प्राथमिकताका साथ भैरहेकाछन्।
२. व्यवस्थित सडक सञ्जाललाई विकासको मुख्य आधारशिला मान्दै नीलकण्ठ नगरपालिकाका हरेक वडा कार्यालयसम्म बाह्रै महिना चल्ने गरी हाम्रो कार्यकाल भित्र कालोपत्रे गरिसक्ने घोषित प्रतिबद्धता अनुसार काम भैरहेकोछ। नगर यातायात गुरुयोजनाले निर्दिष्ट गरेको सडक मापदण्ड र भवन निर्माण तथा वस्ती विकास मापदण्ड अनुसार सडक विस्तार तथा स्तरबृद्धिमा जोड दिइएकोछ। चालू आर्थिक बर्षको कार्तिक मसान्त भित्रैमा अधिकांश ठेक्का बाट गरिने निर्माण योजनाहरुको काम अघि बढिसकेकोछ। गत बर्षको नीति, बजेट र कार्यक्रमको प्रभावकारी समिक्षा गरी सुधारका विषयहरुलाई प्राथमिकतामा राख्दै तयार गरिएको बार्षिक कार्यान्ययन योजना अनुरुप कार्तिक मसान्तसम्ममा ठेक्का प्रकृयामार्फत हुने कामको अधिकांश प्रकृया पुरा भैसकेका छन् भने अन्य प्रशासनीक तथा चालू प्रकृतिका कार्यक्रमहरु र नीतिगत सुधार कार्यक्रमहरु पनि कार्यान्वयन तालिका अनुसार अघि बढिरहेकाछन्।
३. अमेरिकी सरकारको G2G कार्यक्रम अन्तर्गत नीलकण्ठ नगरपालिकामा जलवायुमैत्री कृषि उद्यमशीलता प्रवर्द्धन परियोजनाको सम्झौता भै त्रीबर्षीय बजेट र कार्यक्रमको समेत प्रस्तावित खाका तयार भैसकेको अवस्थामा केहि प्राविधिक कारणबस अर्कोबर्ष देखि साझेदारी शुरु हुन लागेको र विगतको ३ बर्षको साझेदारी अवधि ५ बर्षको हुने सुनिश्चित भएकाले साझेदारी परियोजना अन्तर्गत राखिएको प्रमुख कार्यक्रमहरुलाई अर्को बर्ष देखि प्रारम्भ गर्ने गरी यो बर्ष अध्ययन, अनुसन्धान र सम्भाब्यताका कार्यक्रमहरु चयन गर्न यो सभामा प्रस्ताव पेश गरिएकोछ।
४. नेपालको संविधानको भाग ३ मा उल्लेखित मौलिक हक र कर्तब्यहरुको पूर्ण पालनामा प्रतिबद्ध रहँदै धारा ३१ को निःशुल्क र अनिवार्य शिक्षालाई सम्बोधन गर्न नीलकण्ठ नगरपालिकाको

अधिकतम् साधन र श्रोत परिचालन परि प्रारम्भीक बाल कक्षा देखि कक्षा १२ सम्मको शिक्षा पूर्ण रुपमा निःशुल्क अध्ययन अध्यापनको ब्यवस्था कार्यान्वयन गर्न आवश्यक कार्यविधि, जनशक्ति र ब्यवस्थापनको सम्पूर्ण कार्य पुरा भएको छ। विद्यालय स्रोतको सम्पूर्ण खर्च नगरपालिकाबाट बेहोर्ने गरी आवश्यक बजेटको सुनिश्चितता गरी निःशुल्क शिक्षा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन र नियमन निरन्तर गरिएकोछ। घोषित प्रतिद्धता अनुरुप प्रथम चौमासिकका लागि आवश्यक बजेट सवै विद्यालयहरुमा निकासा समेत गरिसकिएकोछ।

५. मेयर उद्यमशीलता विकास कार्यक्रमलाई सघन रुपमा सञ्चालन गरी उत्पादन, सेवा र रोजगार सृजना गर्ने अभियान द्रुत रुपमा अघि बढिरहेकोछ। यो कार्यक्रमलाई थप प्रभाकारी बनाउन आवश्यक रणनीतिहरुमा परिमार्जन गरी रोजगारीका क्षेत्रमा काम गर्ने अन्य निकायहरु संगको सहकार्यमा नगरबासीहरुको ब्यवसाय प्रवर्द्धन र उद्यमशीलता विकासमा थप सहयोग गर्ने गरी कार्यान्वयन भैरहेकोछ।

६. हेफर इन्टरनेशनल संगको सहकार्यमा कृषकहरुको ब्यवसायीक क्षमता वृद्धि गर्दै कृषि उपज प्रशोधन केन्द्र निर्माण कार्यलाई अघि बढाइएकोछ।

७. यस अघि सञ्चालन हुँदै आएको ९० प्रतिशत छुटमा गर्रिंदै आएको पशुविमा कार्यक्रम थप प्रभावकारी र सहज रुपमा बिमा भुक्तानी हुने गरी ब्यवस्थापन गर्न आवश्यक समन्वय र निर्देशन गरिएकोछ। सबै वडामा परिचालन भएको मोवाइल भेटेरिनरीले कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनमा अतुलनीय सहयोग पुऱ्याएको छ।

८. एक वडा एक उत्पादनको नीति अनुसार सवै वडामा माटो परिक्षण, फलफूल तथा तरकारी पकेट क्षेत्र, पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने नीति अनुसार हरेक वडाको बेग्ला बेग्लै पहिचान स्थापित हुने गरी पकेट क्षेत्र घोषणा गर्न विभिन्न चरणमा छलफल र अध्ययन प्रतिवेदन अनुसार पहिचानमूलक उत्पादन कार्यक्रमलाई प्रवर्द्धन गर्न कृषि तथा पशु विकास शाखा मार्फत आवश्यक समन्वय र कार्यान्वयन अघि बढाइएकोछ।

९. नीलकण्ठ नगरपालिकाका सवै ब्यवसायी र करदातालाई करको दायरामा ल्याउन गरिएको प्रयासलाई निरन्तरता दिँदै यस बर्ष देखि कारोबारमा आधारित कर प्रणालीको नमूना शुरुवात गरिएकोछ। आउने बर्ष भित्र नगरका सवै घर परिवार, नगरबासी र ब्यवसायीलाई पारिवारिक एवम् ब्यवसायीक फोल्डरमा आधारित तथ्यांक प्रणाली अनुसार अभिलिखित गर्ने कार्य पुरा गर्न ब्यवस्थित तथ्यांक संकलन र अभिलेखिकरण कार्ययोजना अघि बढाइएकोछ।

१०. हाम्रो कार्यकाल भित्र १४ वटै वडाकेन्द्र सम्मका सडक कालोपत्रे गरिसक्ने घोषित प्रतिबद्धता अनुसार थप सडक स्तरबृद्धिको निरन्तरता भैरहेकोछ। नगर यातायात गुरुयोजनाले निर्दिष्ट गरेको

सडक मापदण्ड र भवन निर्माण तथा वस्ती विकास मापदण्ड अनुसार सडक विस्तार तथा स्तरबृद्धिमा जोड दिइएकोछ ।

११. धादिङवेशी बृहत खानेपानी योजना सहित विभिन्न वडामा सञ्चालित बृहत खानेपानी योजनाहरुको शिघ्र सम्पन्नताको लागि सहजीकरण गर्दै एक घर एक धाराको नीति अनुसार बाँकी रहेका बस्ती र घरधुरीमा खानेपानी सेवा पुऱ्याइ नीलकण्ठ नगरपालिकालाई तिर्खामुक्त नगरको रुपमा स्थापित गर्ने पूर्व घोषित नीति अनुसार बाँकी रहेका वडा वस्तीहरुमा खानेपानीसेवा पुऱ्याउन चालू र प्रस्तावित योजनाहरु यथाशिघ्र सम्पन्न गर्न आवश्यक समन्वय र सहजीकरण भैरहेकोछ। खानेपानी र सिंचाई प्रयोजनका लागि लिफ्टिङमा प्रयोग हुने विजुली महशुलमा दिइँदै आएको ७० प्रतिशत अनुदान निरन्तर उपलब्ध गराइएकोछ। नगर खानेपानी तथा सरसफाई ब्यवस्थापन ऐन अनुसार खानेपानी ब्यवस्थापन तथा सरसफाई बोर्ड गठन गरी सवै वडाका खानेपानीको प्रभावकारी ब्यवस्थापन र नियमनका लागि आवश्यक काम अघि बढाइएकोछ। नगरपालिकाले प्रस्ताव गरेको जलवायु अनुकुलीत खानेपानी आयोजनाको सम्भाब्यता अध्ययन स्वीकृत बजेट अनुसार काम भैरहेकोछ।

१२. नगरको मुख्य केन्द्रको रुपमा रहेको धादिङवेसी बजारलाई सफा, ब्यवस्थित र हरियाली शहरको रुपमा विकास गर्ने नीति अनुसार बजारका सवै भित्री सडकहरु समेत कालोपत्रे र ढलान कार्य लगभग सम्पन्न भैसकेकाले अव धादिङवेशी बजारको थप सौन्दर्यकरण कार्यक्रम र हिलो धुलोरहित वातावरण सृजना गरी आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम संग जोडी धादिङवेशी बजारको बजारीकरण बृद्धिमा विभिन्न कार्यक्रमहरु सञ्चालन भैरहेकाछन्। बजारक्षेत्रको सार्वजनिक जग्गाको खोजी तथा अतिक्रमण न्यूनीकरणका लागि भएको सर्वेक्षण प्रतिबेदन अनुसार कार्यान्वयन प्रकृया अघि बढाइएकोछ। बजार क्षेत्रको करिडोर विस्तारलाई निरन्तर गरिएकोछ।

१३. उत्पादनशील जग्गामा हुने घडेरी प्लटिङ तथा विक्रीलाई निरुत्साहित गर्दै नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्रै घडेरी तथा जग्गा विकास व्यवसाय सञ्चालन गर्नु पर्ने नियमलाई अनिवार्य गर्न निरन्तर नियमन भैरहेकोछ। पर्यावरणीय सन्तुलन विगार्ने गरी हुने प्लटिङ र जमिन खन्ने कार्य रोक्न सवै वडा समिति र नगर प्रहरी मार्फत नियमन कडाइका साथ कार्यान्वयन गर्न निर्देशन गरिएकोछ। बजार र ग्रामीण क्षेत्रमा नमुना सामूहिक आवास कार्यक्रमलाई प्रोत्साहन गर्न सम्भाव्यता अध्ययन गरी जग्गा एकीकरण (Land Pulling) कार्यका लागि उपयुक्त क्षेत्रहरु घोषणा गर्ने नीतिलाई कार्यान्वयन गर्न आवश्यक तयारी भैरहेकोछ। भु-क्षेत्र वर्गीकरणको प्रारम्भिक नतिजा सार्वजनिक भई सकेको छ।

१४. नगर क्षेत्रमा बन्ने घरको निर्माण पूर्व अनिवार्य नक्सापास गर्ने ब्यवस्थाको प्रभावकारी नियमन गरी विद्युतीय नक्सापास प्रणाली लागू गर्न नक्शा शाखाको क्षमता विकास सहित आवश्यक प्रविधि

जडान कार्य हुँदैछ। भवन मापदण्डमा परिमार्जन गरी लामो अवधिका लागि लिजमा लिएर बन्ने संरचनाहरु सम्बन्धित स्वामित्ववालाहरुको सम्झौताको आधारमा नक्सापास गर्ने नीति कार्यान्वयन शुरु भएकोछ। बजार क्षेत्रमा मेट्रिक ठेगानामा आधारित मापन कार्य गरी टोलबस्ती र घर नम्बर टाँस गर्ने कार्यका लागि सर्वेक्षणको काम अघि बढाइएकोछ।

१५. नीलकण्ठ नगर कार्यपालिका कार्यालयको आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा प्रवाह गर्न बहुबर्षीय ठेक्का लगाई भएको प्रशासनीक भवन निर्माण कार्य हाल द्रुत गतिमा निर्माण कार्य अघि बढिरहेकोछ। यसबाट नगरकेन्द्रबाट प्रभावकारी सेवा प्रवाह भई जनमैत्री कार्यसम्पादनमा थप सहजता हुने अपेक्षा गरिएको छ।

१६. नगर क्षेत्रमा स्थापित एवम् मुख्य कार्यालय राखि कृयाशिल सवै गैह्र सरकारी संस्थाहरुको दर्ता तथा सूचिकरण गर्न कानून जारी भैसकेकाले अनिवार्य अभिलेख र दर्ता प्रणाली ब्यवस्थित गरी संघसंस्था दर्ता, सूचिकरण तथा नियमन गर्ने कार्य प्रारम्भ भएकोछ।

१७. नीलकण्ठ नगरपालिकाको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार आगामी बर्ष भित्र नगरपालिकालाई बातावरणमैत्री नगर घोषणा गर्ने गरी वातावरण क्षेत्रमा योजना र कार्यक्रम सञ्चालन गर्न सम्भाब्य कृयाकलाप र कार्यक्रम अघि बढाइएकोछ। स्थानीय वन ऐन जारी गरी हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिने नीति चालू बर्षभित्रमा लागू गरिनेछ। डढेलो नियन्त्रण तथा वातावरणमैत्री कार्यक्रमका लागि जिल्लाका सवै स्थानीय सरकार, सामुदायिक वन समूह, कबुलियती वन, डिभिजन वन कार्यालय र विभिन्न संघ संस्थासंग आवश्यक सहकार्य गर्ने नीति र निर्णय अनुसार एकीकृत कार्ययोजना अघि बढाइएकोछ।

१८. नगर क्षेत्रका सम्पूर्ण सार्वजनिक तथा सरकारी सेवा प्रदायक निकायहरुलाई लैंङ्गिक भेदभावमुक्त स्थलका रुपमा घोषणा गरी कुनै पनि खालको विभेदलाई निरुत्साहित गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन भैरहेकाछन्। संविधानले लक्षित बर्गको रुपमा सम्बोधन गरेका महिला, बालबालिका, जेष्ठ नागरिक, द्वन्द्वपीडित, फरक क्षमता भएका नगरवासी, एकल महिला, आदिवासी, जनजाति, अपांगता, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ क्षमता विकासका योजना तथा कार्यक्रमहरु सञ्चालन भैरहेकाछन्।

१९. महिलाहरुको समग्र विकास, रोजगारी, प्रजनन स्वास्थ्य, समानता र पहूँच स्थापित गर्न नगरपालिकाका निर्वाचित महिला जनप्रतिनिधिहरुको नेतृत्वमा सञ्चालन हुने गरी महिलाका लागि महिला जनप्रतीनिधि परियोजना ब्यवस्थित कार्यविधि र निर्देशिका तयार गरी नगर देखि वडा टोल तह सम्म महिला सञ्जालमार्फत महिला शसक्तिकरण र समान पहूँचका लागि एकीकृत कार्यक्रमका रुपमा थप

प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक कार्यविधि र निर्देशिका तयार भैसकेले यसको प्रभावकारी कार्यान्वय हुने चरणमा रहेकोछ।

२०. दलित बर्गको उत्थान शसक्तिकरण र विकासका लागि निर्मित दलित शसक्तिकरण रणनीतिक योजनाले निर्दिष्ट गरेका क्षेत्रहरुमा आवश्यक बजेट र योजनाका साथ क्रियाकलाप सञ्चालन निरन्तर भैरहेकोछ। दलित समुदायले उठाएको आवाजलाई सम्बोधन गर्दै शुरु गरिएको दलित छात्रबृत्ति उच्च शिक्षा अध्ययन गर्ने दलित विद्यार्थीहरुलाई सहज विधिबाट प्राप्त गर्ने गरी निरन्तर गरिएकोछ। नगरपालिकाको सहयोगमा निर्माण गरिएको दलित छात्रावास भवनको स्तरोन्नतीमा विशेष सहयोग गरिएकोछ र सम्पन्न गर्न थप कार्य गरिनेछ।

२१. आदिवासी जनजाति, महिला, विपन्न बर्ग, जेष्ठनागरिक, बालबालिका, अपांगता भएका नगरबासी तथा अपांगता सम्बन्धित संघसंस्थाहरु संग आवश्यक सहकार्य गरी माग र आवश्यकतामा आधारित कार्यक्रमहरु सञ्चालन भैरहेकाछन्। साथै यस बर्ष देखि पहेंलो कार्ड प्राप्त अपांगता भएका नगरबासीहरुको स्वास्थ्य बिमा गर्दा ६० प्रतिशत योगदान नगरपालिकाबाट गर्ने कार्य समेत अघि बढाइएकोछ।

२२. बैदेशिक रोजगारीलाई विप्रेषणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै बैदेशिक रोजगारीमा जानुपूर्वको सचेतना, बैदेशिक रोजगारीबाट प्राप्त कमाईको सदुपयोग र रोजगारीबाट फर्केपछिको ज्ञान सीप लाई सदुपयोग गर्न आवश्यक कार्यक्रम सुरक्षित आप्रवासन कार्यक्रमलाई क्रमशः नगरपालिकामा आन्तरीकरण गर्दै लाने गरी प्रभावकारी रुपमा सञ्चालन भैरहेकोछ। सुरक्षित आप्रवासन कार्यक्रम मार्फत अन्तरपालिका सिकाई आदानप्रदान, बैदेशिक रोजगारीका नाममा हुने ठगी, मानसिक तनाब र पारिवारिक समस्याको समाधान गर्न आवश्यक सहजिकरण, मनोपरामर्श र वित्तिय साक्षरताका कार्यक्रम जिल्लाका सवै पालिकाहरु र सरोकारवाला कार्यालय एवम् निकायहरु संगको सहकार्यमा प्रभावकारी रुपमा सञ्चालन गरिएकोछ।

२३. नीलकण्ठ नगरपालिकालाई खेलमैत्री नगरका रुपमा स्थापित गर्न सवै खेलको प्रवर्द्धन र खेलाडीहरुको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिँदै खेलकुदलाई ब्यवसायीकतामा जोडेर राष्ट्रिय खेलाडी उत्पादन गर्ने गरी प्रशिक्षण तथा प्रोत्साहन कार्यक्रम सञ्चालन भैरहेकोछ। विगतका बर्षहरुको उपलब्धिलाई अझै बढाउन सवै वडाका खेलाडीहरुलाई प्रशिक्षण दिन ३ जना खेल प्रशिक्षक नियुक्त प्रक्रिया अगाडी बढेकोछ। राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीतामा लगातार २ बर्ष जिल्ला प्रथम, महिला भलिवल प्रतियोगितामा जिल्ला प्रथम हुनु हाम्रो खेलक्षेत्रमा भएको प्रवर्द्धन प्रयासको परिणामको रुपमा देखिएकाछन्। विभिन्न खेल प्रतियोगिताहरुलाई माग र आवश्यकताको आधारमा सञ्चालन गरिएकोछ । विभिन्न अन्तराष्ट्रिय प्रतियोगितामा विजेता नगरक्षेत्रका खेलाडीलाई

पुरस्कार र सम्मान गरी थप हौसला प्रदान गरिएकोछ। धादिङवेसीको खुल्लामञ्च क्षेत्रलाई नमुना हरित खेल मैदानको रुपमा निर्माण गर्ने काम अन्तीम चरणमा पुगेकोछ।

२४. सूचना प्रविधिको क्षेत्रमा नीलकण्ठ नगरपालिकाको प्रयोग नमूना परियोजना हुने गरी प्रणालीगत विकास गर्न नगरपालिका मातहत सञ्चालन हुने आफ्नै नेटवर्क संरचना र ERP बेस सूचनाप्रविधि प्रणालीको आधार तयार गर्न थप कार्य अघि बढाइएकोछ।

२५. नगरको सफाई र आकर्षणः फोहोर मैलाको उचित विसर्जन र व्यवस्थापन भन्ने घोषित नीतिलाई स्थापित गर्न नगर सरसफाई कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गर्दै नगर संरचनामा खानेपानी, सरसफाई तथा स्वच्छता शाखा स्थापना गरिएकोछ। फोहोरमैला ब्यवस्थापनको नमूना कामको रुपमा कुहिने फोहोरबाट कम्पोष्ट मल उत्पादन गरी विक्री वितरण समेत शुरु भएकोछ।

२६. नीलकण्ठ नगर प्रज्ञा प्रतिष्ठान मार्फत ललितकला, साहित्य, ज्ञान, विज्ञान, सृजना र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रम अझै प्रभावकारी रुपमा सञ्चालन गर्न प्रतिभा पहिचान, साहित्य महोत्सव र अन्तरपालिका सांस्कृतिक क्रियाकलापलाई प्रवर्द्धन गर्न अभिप्रेरित गरिए अनुसार रचनात्मक कृयाकलापहरु सञ्चालन भैरहेकाछन्। साथै विभिन्न जातीय र धार्मिक पर्बहरु, ल्होसार, नेपाल सम्बतः माघेसक्रान्ति, ख्रिसमस, रमदान, धान्यपुर्णिमा र बुद्ध जयन्ती जस्ता पर्वहरुलाई नगरस्तरीय पर्वको रुपमा सम्मान र प्रवर्द्धन गरिएकोछ। नेवार र तामाङहरुको विशेष बस्ती रहेको नीलकण्ठ नगरपालिकामा प्रदेश सरकारको सांस्कृतिक पहिचान र भाषिक मान्यताको घोषणालाई सम्मान गर्दै नीलकण्ठ नगरपालिकामा समेत क्रमशः आत्मसाथ र कार्यान्वयन शुरुवात गरिएकोछ।

२७. नीलकण्ठ नगरपालिकालाई वालमैत्री नगर घोषणा गर्ने घोषित नीति अनुसार बालबालिका ऐन र एकीकृत कार्यविधि जारी गरी विभिन्न वडामा बालमैत्री कृयाकलापहरु सञ्चालन भैरहेकाछन्। यसै आर्थिक बर्षमा नगरलाई बालमैत्री नगर घोषणा गर्ने गरी बालबालिका लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन भैरहेकाछन्।

२८. नीलकण्ठ नगरपालिकालाई विपद् ब्यवस्थापनमा नमूना नगरको रुपमा स्थापीत गर्न विपद् प्रतिकार्यमा तत्काल राहत तथा पुर्नस्थापना, विपद् ब्यवस्थापन श्रोत केन्द्र, आपतकालीन कार्यसञ्चालन केन्द्र, विपद् स्वयंसेवक, फायर फाइटर र नगरप्रहरीको क्षमता विकास गरी चुस्त दुरुस्त अवस्थामा राखिएकोछ। पूर्वाधारका हरेक योजनाबाट ३ प्रतिशत रकम कट्टा गरी पर्यावरण संरक्षण र विपद् जोखिम न्युनिकरण क्षेत्रमा विपद् ब्यवस्थापन कोष मार्फत खर्च गर्ने नीति अनुसार कोष स्थापना गरिएकोछ। विपद् क्षेत्रमा काम गर्ने जिल्ला विपद् ब्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, सोसियल भोलिन्टीयर, स्काउट र विद्यालयहरु संग आवश्यक सहकार्य गर्दै विपद् उद्धार तथा प्राथमिक उपचारका कृयाकलापहरु निरन्तर भैरहेकाछन्।

२९. कार्यपालिका सदस्यहरुले नेतृत्व गर्ने विषयगत समितिका अलावा युवा तथा खेलकुद, महिला, आदिवासी जनजाति, दलितवर्ग, किसान, श्रमिक, सहकारी, जस्ता क्षेत्रलाई समेट्न नगरस्तरीय विषयगत समिति गठन गरी सहभागितामूलक, विषयकेन्द्रीत र समन्वयात्मक क्रियाकलाप अघि बढाउन आवश्यक नीतिगत ब्यवस्था र समन्वयको काम पुरा हुने अवस्थामा रहेकोछ।

३०. नगरका सवै वडाहरुमा गठित टोल विकास संस्थाहरुलाई सवलिकरण गर्दै संस्था र महासंघ संगको सहकार्यमा सडक विद्युत महशुल तथा मर्मतसम्भारमा ५० प्रतिशत साझेदारी निरन्तरता गरिएकोछ। वातावरण संरक्षण एवम् सामाजिक सचेतना र टोलस्तरीय विकासका योजना तथा कार्यक्रमहरुमा सहकार्य भैरहेकोछ।

३१. नीलकण्ठ नगरपालिकालाई सुशासनमैत्री नगरका रुपमा स्थापना गर्न खुल्ला सरकार नीतिलाई प्रवर्द्धन गर्दै आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ। साथै चालू बर्ष देखि नै हरेक बर्ष आन्तरिक ब्यवस्थापन अनुगमन प्रतिवेदन तयार गर्ने र सुधारका लागि प्राप्त सुझावलाई तत्काल कार्यान्यिन गरी शुन्य बेरुजूको लक्षित नीति अबलम्बन गरिनेछ।

३२. विकास निर्माण, सुशासन, सामाजिक समावेशीकरण, सेवा प्रवाह राजश्व संकलनजस्ता क्षेत्रमा सूचक बनाई सोको आधारमा वडा कार्यालयबाट सम्पादन भएको कार्यको मूल्याङ्कन गरी उत्कृष्ट कार्य गर्ने वडालाई प्रोत्साहन पुरस्कार दिने व्यवस्थालाई व्यवस्थित बनाइनेछ।

३३. नीलकण्ठ नगरपालिकालाई देशकै नमुना नगरको रुपमा विकसित गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचका साथ तय गरिएको गौरबका आयोजना र कार्यक्रमहरु निरन्तर रुपमा कार्यान्वयन भैरहेकाछन्। यस अघिका बर्षहरुमा घोषणा गरिएका नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै कार्यान्वयन बाँकी भएका सवै नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन प्राथमिकताका साथ भैरहेकाछन्।

**<u>नगर सभाका सदस्यज्यूहरु,</u>**

नगरबासीको चाहना र आवश्यकताको सम्बोधनलाई उच्च प्राथमिकता दिई निर्माण गरिएको आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम अनुरुप भएको बजेट बिनियोजन र कार्यान्वयनको अवस्था सहितको मूलभूत समिक्षा प्रतिवेदन तपाईहरु माझ प्रस्तुत गरेकोछु। नगरपालिकाबाट जारी सवै नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन मार्फत समृद्ध नीलकण्ठ नगर निर्माणको लक्ष्य हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै तपाईं सवै जनप्रतिनिधिहरु, कर्मचारी मित्रहरु, सुभेच्छुकहरु, सहयोगी दातृ निकाय, संघसंस्थाहरु एवम् नगरबासीहरुको निरन्तर साथ र सहयोगको अपेक्षा राखेको छु ।

नीलकण्ठ नगरपालिकाको विकासको मूल अवधारणा नगर विकास गुरुयोजना अनुसार हुने भएकाले हरेक बर्ष घोषित योजनाहरुकै नीरन्तरता हुने भएता पनि थप पहिचान भएका र सहकार्यमा जोडिएका दातृ निकाय तथा साझेदारहरु संगको विकास सहकार्यलाई हरेक बर्ष जोड्दै जाने क्रममा चालू बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटलाई अझ विशेष रुपमा हामीले लिएकाछौं। उपलब्ध साधन स्रोतलाई प्रभावकारी सदुपयोग र वितरण गर्न सकेमात्र ठोस परिणाम हासिल गर्न सकिने कुरामा सिंगो नगरसभा र नगरपालिका सचेत छ। समावेशी शासनको मूल मर्म अनुसार सवै नगरबासीहरुमा समान पहूँच हुने गरि नगरका अवसर र सेवाहरु विस्तार गर्न सम्पूर्ण जनप्रतिनीधि र कार्यरत कर्मचारीहरु इमान्दार रुपमा कृयाशिल हुनैपर्छ। नगरबासीको निरन्तर दबाब र खबरदारीले मात्र नगर सरकार सहि मार्गमा हिंड्न प्रेरित हुने हुँदा सम्पूर्ण जनसमूदायमा सचेत नागरिकको भूमिका निर्बाह गर्न हार्दिक अपील गर्दछौं। नगरपालिकाबाट जारी सवै नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन मार्फत नीलकण्ठ नगरपालिकाको द्रुत विकास भई घोषित लक्ष्य हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै नीति, कार्यक्रम र बजेटको सफल कार्यान्वयनमा तपाईं सम्पूर्णको रचनात्मक सहयोग हुने विश्वास गरेकोछु।

जय नीलकण्ठ ! जय नेपाल !

मितिः २०८१।०८।१२

# नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको छैटौं अधिवेशन

## उप-प्रमुख दीपक विश्वकर्माद्वारा प्रस्तुत आ.व. २०८०/०८१ र चालु आ.व. २०८१/०८२ को कार्तिक मसान्तसम्मको वजेट कार्यान्वयन प्रतिवेदन

## तथा विनियोजन ऐन, २०८१ र आर्थिक ऐन, २०८१ मा संशोधन प्रस्ताव

**मितिः २०८१/०८/१२**

**श्री नगर सभाका अध्यक्षज्यू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्युहरु,**
**एवम् कर्मचारी मित्रहरु तथा पत्रकारज्यू,**

आज हामीहरु नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको छैठौं अधिवेशनमा उपस्थित भएका छौं। आजको यस गरिमामय सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जन आन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु। साथै सम्पुर्ण घाइते योद्धा तथा पिडित परिवार प्रति सम्मान व्यक्त गर्दछु। राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने ब्यक्तित्वहरु प्रति हार्दिक नमन ब्यक्त गर्दछु। मुलुकमा संघीयता कार्यान्वयन संगसंगै हामी निर्वाचित भएको अवधि देखी नै नगरको विकास र समृद्धिको लागि सिमित स्रोत र साधनलाई प्रयोग गरी अधिकतम् सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ। यस भन्दा अगाडीका नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाइ कार्यान्वयन गर्न सहयोग पुऱ्याउनुहुने सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु, पत्रकार, नागरिक समाज तथा नगरबासी लगायत सवै सरोकारवाला निकायको उच्च मूल्याङकन गर्दछु। आगामी दिनमा पनी सबै सरोकारवालाहरुको पूर्णरुपमा सहयोगको अपेक्षा गर्दछु।

**<u>नगर सभा अध्यक्षज्यू,</u>**

अव म गत आ.व. २०८०/०८१ को वजेट तथा खर्चको यथार्थ विवरण र चालु आर्थिक वर्ष २०८१/०८२ को हालसम्मको अवस्थाको विवरण प्रस्तुत गर्दछु।

१. गत आर्थिक वर्ष २०८०/०८१ को कुल विनियोजित बजेट रु. १,२४,०७,९३,२२३।५५ भएकोमा आर्थिक वर्षको अन्तसम्ममा खर्च रु.१,०२,९०,४५,४७०।३० रहेको थियो, जुन विनियोजनको आधारमा ८२.९३ प्रतिशत खर्च भएको देखिन्छ। चालू र पूँजिगत खर्चलाई छुट्टाछुट्टै हेर्दा चालू तर्फ विनियोजन भएको रकम मध्ये ८७.१९ प्रतिशत र पूँजिगत तर्फ विनियोजित मध्ये ७४.३८ प्रतिशत खर्च भएको थियो। उक्त खर्च सन्तोषजनक देखिएपनी संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुनेगरी आकलन गरिएजती सवै रकम प्राप्त नहुनु, केही योजना समयमै सम्पन्न हुन नसकी भुक्तानी बाँकी हुनु, आन्तरीक आय प्रक्षेपण अनुसार प्राप्त नहुनु आदी कारणबाट अपेक्षाकृत प्रगति हासिल गर्न नसकिएको देखिन्छ। गत आर्थिक आ.व. २०८०।०८१ मा नगरपालिकाको आन्तरीक आयको प्रक्षेपण छ करोड रुपैयाँ गरिएकोमा आन्तरीक आय **रु.४,०९,८२,६७०/-** संकलन भएको थियो, जुन अनुमानको आधारमा ६८.३० प्रतिशत रहेको छ। लक्ष्य अनुरुप राजश्व संकलन हुन नसक्नुमा भूक्षेत्र वर्गीकरणको कार्य समयमै सम्पन्न हुन नसक्नु, राजश्व प्रशासन चुस्त गराउन नसकिनु, घरवहाल कर विज्ञापन कर, व्यवसाय कर आदी क्षेत्रमा लक्ष्य अनुसार प्रगति गर्न नसकिनु मुख्य कारकहरु रहेका थिए। यसले राजश्व सुधार कार्ययोजना बमोजिमका कार्यहरु समयमै सक्रियतापूर्वक कार्यान्वयन गर्न सजग हुने गरी लाग्नुपर्ने अवस्थासमेतको चित्रण गरेको छ।

२. चालू आ.व. २०८१।०८२ को कुल विनियोजित बजेट रु. १,२२,२३,९२,४००/- भएकोमा मिति २०८१ मंसिर ११ गते सम्मको खर्च रु. २०,६२,५२,४२५।२५ रहेको छ, जुन विनियोजनको आधारमा १६.८७ प्रतिशत खर्च भएको देखिन्छ। चालू आ.व. २०८१।०८२ मा नगरपालिकाको आन्तरीक आयको प्रक्षेपण छ करोड रुपैयाँ गरिएकोमा २०८१ कार्तिक मसान्तसम्मको आन्तरीक आय रु. १,३०,४७,३११।२८ संकलन भएको छ जुन अनुमानको आधारमा २७.७५ प्रतिशत रहेको छ। यसले हामी थप जिम्मेवार र क्रियाशील भई बजेट कार्यान्वयनमा लागू पर्नेकुरालाई इंगित गरेको छ। राजश्व सुधार कार्ययोजना बमोजिमका कार्यहरुमा थप सजग भई सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ।

**नगर सभा अध्यक्षज्यू नगर सभासदस्यज्यूहरु,**

३. चालु आ.व. २०८१/०८२ को लागि यस नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको पाँचौ अधिवेशनबाट स्वीकृत वजेट तथा कार्यक्रमको विषयमा हामी सवैलाई विदितै छ। पारित भएको विनियोजन ऐन, २०८१ मा देहायका विषय संशोधन हेरफेर गर्ने गरी संशोधन प्रस्ताव पेश गर्दै स्वीकृतिको लागि पेश गरेको छुः

देहायः

*(क)* प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको युवा रुपान्तरण पहल आयोजनामा विनियोजित बजेटमा बजेटको आकार सोही बमोजिम नै रहने गरी सम्बन्धित कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि अनुसार हुने गरी निर्माणमा कार्य गर्ने सुचिकृत वेराजगारहरुलाई दिईने ज्यालावापतको रकम र १० दिने जीवन निर्वाह तथा ४० दिने कार्यगत सीप तालिमकोलागि पारिश्रमिकमा भुक्तानी गर्नुपर्ने रकम विभाजन गरी सोही बमोजिम खर्च गर्ने।

*(ख)* G2G साझेदारीमा यसै आर्थिक वर्षबाट कार्यक्रम हुने भनिएकोमा प्राविधिक कारणबाट अर्को वर्ष देखिमात्र सुरु हुने भएकाले चालू आर्थिक वर्षमा जिटुजी साझेदारीको लागि विनियोजित रकम पूजिगत निर्माणलगायतका कार्यमा खर्च गर्ने।

**सभा अध्यक्षज्यू**

४. चालु आ.व.२०८१/०८२ को लागि पाँचौं अधिवेशनवाट पारित भएको आर्थिक ऐन, २०८१ मा सरोकारवालाहरुको राय सुझावसमेतका आधारमा देहायका विषय संशोधन तथा थप गर्ने गरी स्वीकृतिका लागि यस सम्मानीत नगर सभामा पेश गरेको छुः

*(क)*नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसुची ४ व्यवसाय करको दरहरु उल्लेख भए पश्चातको बुदाँ नं. ३ मा रहेको 'पाँच' भन्ने शब्द झिकी 'तीन' भन्ने शव्द राख्ने।

*(ख)*नीलकण्ठ नगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसुची ४ फोहोरमैला व्यवस्थापन शुल्कको बुदाँ नं. ४ पछी देहाय बमोजिम छुट तथा जरिवानाको व्यवस्था हुने गरी बुदाँ नं. ५ थप गर्नेः

(५) वुदाँ नं. १, २, ३ र ४ बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क बुझाउदा देहायका आधारमा तप सिल बमोजिम छुट तथा जरिवाना हुनेछ।

देहायः

| सि.नं. | शुल्क भुक्तानीको समय | छुट तथा जरिवाना |
|---|---|---|
| १ | सोही महिना भित्र भुक्तानी गरेमा | २० प्रतिशत छुट हुने |
| २ | महिना सकिए पछीको पहिलो महिनाको १० गते भित्र भुक्तानी गरेमा | १० प्रतिशत छुट हुने |
| ३ | महिना सकिए पछीको सि.नं. २ ले तोके भन्दा पछाडी देखि दोस्रो महिना भित्र भुक्तानी गरेमा | तोकिएको शुल्क लाग्ने |
| ४ | तेस्रो महिना भित्रमा भुक्तानी गरेमा | १० प्रतिशत थप जरिवाना हुने |
| ५ | चौथो महिना भित्रमा भुक्तानी गरेमा | २० प्रतिशत थप जरिवाना हुने |
| ६ | चौथो महिनासम्ममा पनी भुक्तानी नगरेमा | नगर कार्यपालिका र वडाबाट दिने सेवा रोक्ने तथा फोहोर नउठाउने |

तर हालसम्मको बुझाउन बाँकी रहेको फोहोरमैला शुल्कको बाँकी वक्यौता २०८१ चैत्र मसान्तसम्ममा वुझाएको खण्डमा सो रकममा हर्जाना/जरिवाना लाग्ने छैन।

५. बजार अनुगमनका क्रममा व्यवसाय दर्ता नगरी सञ्चालन गरेको पाईएमा तथा नविकरण नभएको पाईएमा अनुगमन गर्ने टोलिको प्रमुखको आदेशबाट स्थलगतरुपमै ३ हजार रुपैयाँ देखि १० हजाररुपैयाँ जरिवाना गर्न सक्ने व्यवस्था राख्ने।

चालु आ.व.२०८१/०८२ को हालसम्मको आय तथा व्यायको समग्र अवस्थाले चित्रण गरे अनुसार यस आर्थिक वर्षको अन्तसम्ममा आन्तरीक राजश्व लगायतका क्षेत्रमा आय तर्फको हिस्सा कम हुननदिन सवै एकाकार भई कार्य गर्नुपर्ने देखिन्छ।

अन्तमा, समयमा नै बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुन सम्पूर्ण जनप्रतिनिधीहरु, कर्मचारीहरु र समग्र नगरवासीहरुमा अनुरोध गर्दछु ।

जय नीलकण्ठ !

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको छैटौं अधिवेशनका निर्णयहरुः

१. **कार्यसूचि स्वीकृत गर्ने सम्वन्धमाः,**

यस नगरपालिकाको दोस्रो नगर सभाको छैटौं अधिवेशन सञ्चालनार्थ देहाय वमोजिमको कार्य तालिका तथा समय तालिका स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

(कार्यविधिको दफा ७ को उपदफा (१) संग सम्बन्धित)

नीलकण्ठ नगरपालिका

दोस्रो नगरसभाको छैटौं अधिवेशन

**कार्यसूची र समयतालिका**

| मिति | समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०८।१२ | विहान ११:०० बजे | राष्ट्रिय धुन बजाउने | | |
| २०८१।०८।१२ | विहान ११:०५ बजे | बैठक प्रारम्भ | सभाध्यक्ष (नगर प्रमुख) | |
| २०८१।०८।१२ | विहान ११:०५ बजे | प्रमुखबाट नीति तथा कार्यक्रम कार्यान्वयन समिक्षा प्रतिवेदन | नगर प्रमुख | |
| २०८१।०८।१२ | विहान ११:२५ बजे | नीति तथा कार्यक्रम समिक्षा प्रतिवेदनमाथि छलफल | नगर सभा सदस्य (प्रतिसदस्य वढीमा ५ मिनेट) | |
| २०८१।०८।१२ | विहान ११:५५ बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्ताव पेश | उपप्रमुख | |
| २०८१।०८।१२ | दिउसो १२:१० बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्तावमाथि छलफल | नगर सभा सदस्य (प्रतिसदस्य वढीमा ५ मिनेट) | |
| २०८१।०८।१२ | दिउसो १२:३० बजे | चालु आ.व.को कार्यक्रम प्रगति एवम् संशोधन प्रस्ताव निर्णयार्थ पेश | सभाध्यक्ष (नगर प्रमुख) | |

| | | | | |
|---|---|---|---|---|
| २०८१।०८।१२ | दिउसो १२:३५ बजे | प्रस्तावित विधेयकहरु, २०८१ पेश | | |
| २०८१।०८।१२ | दिउसो १२:४५ बजे | प्रस्तुत विधेयकमा टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८१।०८।१२ | दिउसो १:३५ बजे | चालु आ.व.को लागि प्रस्तावित G2G कार्यक्रमका सम्वन्धमा, टिप्पणी र निर्णयार्थ पेश | | |
| २०८१।०८।१२ | दिउसो १:४५ बजे | विभिन्न समितिहरुको प्रतिवेदन पेश, टिप्पणी र निर्णायार्थ पेश | | |
| २०८१।०८।१२ | दिउसो २:०० बजे | विविध विषयमा प्रस्ताव पेश, टिप्पणी र निर्णायार्थ पेश | | |
| २०८१।०८।१२ | दिउसो २:३० बजे | बैठक समापन | | |

२. <u>नगर सभाका एजेण्डाहरुका सम्वन्धमाः,</u>

नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको छैटौं अधिवेशन मिति २०८१ मंसिर १२ गतेका दिन वसेको नगरसभामा देहायका विषयहरुमा छलफल तथा निर्णय गरियो।

**तपसिल**

क. कार्यसूचि सम्वन्धमा,

१. नगर प्रमुखद्वारा प्रस्तुत गरिने चालु आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन

२. नगर उप-प्रमुखद्वारा प्रस्तुत हुने चालु आ.व. २०८१/२०८२ को संशोधित वजेट तथा कार्यक्रम,

३. विधेयक प्रस्तुती

- कृषि विधेयक,२०८१
- नगर प्रहरी विधेयक,२०८१
- सहकारी ऐन,२०७४ को प्रथम संशोधन विधेयक

४. दरवन्दी सिर्जना स्वीकृति

- नायव प्रहरी निरिक्षक-१ जना
- प्रहरी हवल्दार-२ जना

- प्रहरी जवान-४ जना
- कम्प्यूटर अपरेटर-२ जना (शिक्षा शाखा र राजश्व शाखा)
- घरवाहल संकलक - १ जना
- मेलमिलाप सहजकर्ता -१ जना (न्यायिक समिति)
- कार्यालय सहयोगी - २ जना
- फोहोरमैला संकलन - २ जना
- नगर अनुदान शिक्षक तर्फका दरवन्दीहरु सिर्जना गर्ने - ४२ वटा

५. लेखापरिक्षण प्रतिवेदन तथा वेरुजु फछ्र्यौटका लागि सिफारिस

६. संगठनात्मक सर्वेक्षणका लागि समिति गठन गर्ने

७. तरकारी वजारको सम्झौता सम्वन्धमा

८. कार्यक्रम संशोधन सम्वन्धमा

९. कुनै कारणले वचत हुन जाने समानिकरण तथा आन्तरिक आम्दानीको रकमवाट कार्यपालिकाले कार्यक्रम वनाइ खर्च गर्ने गरी कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

१०. राजश्व परामर्श समितिको सिफारिस
- विनियोजन ऐन,२०८१ र आर्थिक ऐन,२०८१ संशोधन

११. चालु आ.व. २०८१/०८२ को चालु तथा पूँजिगत खर्चको समिक्षा प्रतिवेदन,

१२. न्यायिक समितिको प्रतिवेदन,

१३. योजना तथा कार्यक्रमहरुमा स्वीकृति

१४. नगरकार्यपालिकाका निर्णयहरु तथा अन्य समितिहरुका निर्णयहरु उपरको समिक्षा एवम् स्वीकृति,

१५. अन्य विविध विषयका सम्वन्धमा।

३. <u>नीति तथा कार्यक्रमको समिक्षा तथा प्रतिवद्धता प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमाः,</u>

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनवाट चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी स्वीकृत नीति तथा कार्यक्रमको समिक्षा तथा प्रतिवद्धता प्रतिवेदन सभामा उठेका सवाल, जिज्ञासाहरुको सभाध्यक्षद्वारा संवोधन गरी पास गर्ने निर्णय गरियो।

४. **<u>आर्थिक ऐन, २०८० संशोधन गर्ने सम्वन्धमाः,</u>**

यस नगरपालिको आ.व. २०८१/०८२ को संशोधित बजेट कार्यक्रम सहितको विनियोजन ऐन, २०८१ र आर्थिक ऐन, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो।

५. **<u>नगर प्रहरी विद्येयक, २०८१ का सम्वन्धमाः,</u>**

नगरपालिकाको नगर प्रहरी सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी वनाउदै संगठनात्मक संरचनामा समेत समसामायिक परिमार्जन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै नगर प्रहरी ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएकोले स्वीकृतिका लागि पेश भएको नगर प्रहरी विद्येयक, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

६. **<u>कृषि विद्येयक, २०८१ का सम्वन्धमाः,</u>**

नगरपालिकाको भौगोलिक क्षेत्रमा हुने कृषि उपजहरुको संरक्षण, प्रवर्द्धन र कृषकहरुलाई आधुनिक कृषि प्रणालीमा अभिप्रेरित गरी नगरको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउन एवम् कृषक मैत्री सेवालाई चुस्त र दुरुस्त वनाइ कृषकका समस्याहरु समाधान गरी सहज रुपमा सेवा सुविधा उपलब्ध गराउनका लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिकोले कृषि ऐन तर्जुमा गर्नुपर्ने देखिएकोले स्वीकृतिका लागि पेश भएको कृषि विद्येयक, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

७. **<u>सहकारी ऐन, २०७४ को पहिलो संशोधनका सम्वन्धमाः,</u>**

नगरपालिकाको सिमा भित्र रहेका सहकारी संस्थाहरुको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमवाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवम् दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्वन्धी व्यवस्था गर्न तर्जुमा भएको सहकारी ऐन आवश्यक संशोधन सहित स्वीकृतिका लागि पेश भएकोमा उक्त ऐनको संशोधित दफा उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

## ८. <u>नगर प्रहरीको दरवन्दी तेरिज र पदपूर्ति सम्वन्धमाः,</u>

क. दरवन्दी तेरीज सम्वन्धमा

नीलकण्ठ नगरपालिकाको कार्यालय व्यवस्थापन, वजार व्यवस्थापन लगायत नगरप्रहरीले कार्यसम्पादन गर्ने कामकाज र कार्यवोझ अनुसार नीलकण्ठ नगरपालिकामा हाल करार सेवामा कार्यरत १० जना नगर-प्रहरीहरुको सख्या कम भई कार्यसम्पादनमा असहजता भएको हुदाँ तपशिल वमोजिम हुने गरी नगर प्रहरीको दरवन्दी सिर्जना गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

- नगर प्रहरी निरिक्षक - १ जना
- नगर प्रहरी नायव निरिक्षक -१ जना
- नगर प्रहरी सहायक निरिक्षक -१ जना
- नगर प्रहरी हवलदार - ३ जना
- नगर प्रहरी जवान - ११ जना

ख. पदपूर्ति सम्वन्धमाः,

नगरपालिकाको काममा प्रभावकारीता वृद्धि गर्दै सरसफाइ तथा विपद् व्यवस्थापनमा समेत सक्षमता अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) वमोजिम हुने गरी नगर प्रहरी तर्फका देहायका पदहरु तत्काल पदपूर्ती गर्ने निर्णय स्वीकृत गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

- नायव प्रहरी निरिक्षक-१ जना (हाल कार्यरत एक तह मुनिका प्रहरीवाट)
- प्रहरी हवल्दार-३ जना (२ जना हाल कार्यरत एक तह मुनिका प्रहरीवाट, १ जना खुल्ला प्रतिस्पर्धावाट)
- प्रहरी जवान-४ जना (खुल्ला प्रतिस्पर्धावाट कम्तिमा २ जना महिला सहित)

९. **आ.व. २०८०/०८१ को लेखापरिक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी सम्परिक्षणका सम्वन्धमा:,**

महालेखा परीक्षकको कार्यालयबाट भएको यस कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनका देहायको वुदाँ उपर तपसिलका कारण, प्रभाव र प्रतिवद्धतासहित नियमीत गरी सम्परीक्षणको लागि लेखा समिति र नगर कार्यपालिकाको वैठकवाट सिफारिस भई आएका निर्णयहरु उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

क. **लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४३ भुक्तान गरिएको रासन भत्ता रकम नियमित गर्ने सम्बन्धमा:**

गत विगत् देखि नै कार्यरत नगर प्रहरीहरुलाई सम्झौता गरी काममा लगाउने गरिएकोमा उक्त सम्झौतामा राशन भत्ता उपलब्ध गराउने भन्ने विषय लेख्न छुटेको देखिन्छ। मिति २०८०/०३/०७ गते वसेको नगर सभाको निर्णय नं. ३० मा आ.व. २०८०/०८१ को श्रावण १ गते देखी लागु हुने गरी रासन भत्ता उपलब्ध गराउने भन्ने निर्णय भए अनुसार सो रकम उपलब्ध गराइएको थियो।

नगर प्रहरीलाई दिन रात अतिरिक्त समय सुरक्षा तथा विपद्को तयारी अवस्थामा रहन तथा विपद्मा खटिन ड्युटी तोकि काममा लगाइएको हो। यसरी काममा लगाउदा विपद् प्रतिकार्य छिटो भई हुनसक्ने धनजनको क्षती रोक्न सकिएको र विदा तथा कार्यालय समयबाहेकको समयमा तत्काल गर्नुपर्ने अन्य कार्यहरु गर्न सहयोग पुगेको छ। यसरी काममा लगाउदा अन्य कुनै अतिरिक्त सुविधा नदिएको यस्तो अवस्थामा कम्तिमा खानाको सुविधा दिन मनासीव भएकाले नगरसभाको निर्णयानुसार रासन भत्ता उपलब्ध गराईएको र श्रम कानून तथा मानवीय हिसावले पनी सो दिनु अपरिहार्य देखिन्छ। नेपाल प्रहरीलगायत अन्य सुरक्षा निकायलेसमेत यस्तो खालको सुविधा कानूनमै व्यवस्था गरी उपलब्ध गराईरहेको देखिन्छ।

तसर्थ सवै नगर प्रहरी करारमा कार्यरत भएकाले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले औंलाईए बमोजिम अव उप्रान्त सेवा करार सम्झौतामा नै रासन भत्ता दिने उल्लेख गरेर मात्र त्यस्तो सुविधा दिने र नगर प्रहरीको २०८१/०४/०१ गते देखि लागूहुने गरी गरिएको करार सम्झौतामा राशन भत्ता पाउने भन्ने व्यवस्था राखिईसकेकाले पुनः त्यस्तो त्रुटी हुने सम्भावना नभएकाले र आगामी दिनमा नहुने प्रवन्ध कार्यालयले मिलाउने गरी प्रारम्भिक प्रतिवेदनमा औलाइएको रकम २०८०/०८१ मा उपलब्ध गराइसकिएकाले राशन भत्तामा भएको खर्चको नयाँ आर्थिक वर्ष २०८१/०८२ मा सुधार गरिएको करार सम्झौता प्रणालीमा अपलोड गर्न लेखा समितिवाट समेत सिफारिस भै आएको र उक्त खर्चबाट सरकारी हानी नोक्सनी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने र आगामी दिनमा यस्ता कार्यहरुमा सुधार गर्ने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

<u>ख.</u> **<u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४७ उपप्रमुखको सचिवालयमा सहयोगीलाई भुक्तानी भएको रकम नियमित गर्ने सम्बन्धमाः</u>**

उपप्रमुखको सहयोगी श्रीकृष्ण रिजाललाई दिइएको भुक्तानी नियमसंगत नदेखिएको भनी प्रारम्भिक प्रतिवेदनमा औलाईएको सम्बन्धमा नीजलाई करारमा राख्दा कार्यालयको स्वीकृत कार्यालय सहयोगको दरवन्दीमा नै कार्यालय सहयोगी भनी सार्वजनिक सूचना गरी सवै प्रक्रिया पुरा गरी छनौट सिफारिस भै कार्यालय सहयोगी पदमै करारमा राखि काममा लगाईएको तर सम्झौतामा उपप्रमुखको सचिवालयमा सहयोगी हुन गएको देखिन्छ। उपप्रमुखलाई कार्यमा सहजिकरण र सहयोग गर्न छुट्टै कर्मचारी र दरवन्दी नरहेतामा पनि कार्यालयमा एक जना कार्यालय सहयोगी

आवश्यक हुने र सोको लागि कार्यालयको स्वीकृत दरवन्दी भित्रकै कार्यालय सहयोगीलाई लगाउनु उपयुक्त हुने देखिन्छ।

पछिल्लो समय २०८१।०४।०१ गते देखि लागू हुने गरी यस कार्यालयबाट नीजसंग गरिएको सम्झौतामा कार्यालयमा कार्यालय सहयोगीको रुपमा कार्य गर्नेगरी कार्यालय सहयोगीको पद तथा कार्यविवरण अनुसारको कार्य गर्नुपर्ने भनी उल्लेख भएको छ। कार्यालयले आवश्यकतानुसार कार्यालयको विभिन्न काममा खटाउने भएकाले उपप्रमुखको सचिवालयको कार्य गर्ने भनी तोकिएको छैन।

तसर्थ कार्यालयको स्वीकृत दरवन्दी भित्रै कार्यालय सहयोगी पदमा कार्य गर्न सम्झौतासमेत भई सकेकाले अव उप्रान्त नीजलाई पद अनुसारको कार्य बाहेक अन्य कार्यक्रमको लागि कुनै पेश्की तथा रकम उपलब्ध नगराउन कार्यालयले आवश्यक प्रवन्ध गर्न लगाउने गरी प्रारम्भिक प्रतिवेदनले औल्याएको २०८०।०८१ मा निजलाई भुक्तानी गरिएको पारिश्रमिक र अन्य खर्चवापत भएको खर्च अनुमोदन गर्ने र आर्थिक वर्ष २०८१/०८२ को कैफियत सुधार गरिएको करार सम्झौता प्रणालीमा अपलोड गर्न अनुरोध गर्ने भनी लेखा समितिवाट समेत सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सनी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने र आगामी दिनमा यस्ता कार्यहरुमा सुधार गर्ने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

ग. **<u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४६ वडा कार्यालयमा डोर हाजिरीमा काममा लगाई कार्यालय सहयोगीलाई भुक्तानी भएको पारिश्रमिक रकम नियमित गर्ने सम्बन्धमाः</u>**

कार्यालयमा वडा सचिव पद रिक्त भई प्रदेश लोकसेवा आयोगमा माग गरि पठाइएको र तत्कालको लागि अन्य सेवाका कर्मचारीबाट उक्त पदमा काम गराईएको र कम्प्युटर टाइप तथा सिफारिस तथा विभिन्न लिखतको ट्राफ्ट तयार गरी सेवा प्रवाहलाई चुस्त राखि राख्न उर्मिला सिंदालीलाई ज्यालदारीमा काममा लगाइएको हो। कार्यालयबाट प्रवाह हुने सेवा नियमित राखिराख्न उक्त सीप भएको जनशक्ती आवश्यक रहिरहेको तर प्रशासनीक पदमा करारमा राख्न कानूनीरुपमा अप्ठ्यारो भएकाले कार्यालय सहयोगी पदमा राखि उक्त सेवा कार्यालयले लिएको हो।

प्रदेश लोक सेवा आयोगबाट माग भएबमोजिमको कर्मचारी हालसम्म सिफारिस भई नआएकाले अन्य सेवाको कर्मचारीलाई वडा सचिवमा खटाउदा सम्मको लागि निजलाई काममा लगाई राख्नुपर्ने देखिएको छ। २०८१।०४।०१ गते देखि लागूहुनेगरी ६ महिनाको लागि निजसंग गरिएको सम्झौतामा कार्यालय सहयोगीको रुपमा करारमा कामकाजमा लगाउने भन्ने व्यहोरा उल्लेख भएकाले कार्यालयको स्विकृत कार्यालय सहयोगी पदको दरवन्दी भित्रै पर्ने गरी करारमा काममा लगाउने गरी आर्थिक वर्ष २०८०/०८१ मा कार्यालय सहयोगी उर्मिला सिंदालीलाई वर्षै भरी ज्यालादारीमा काममा लगाएको भनी निजलाई उपलब्ध गराईएको खर्च नियमित गर्ने र आर्थिक वर्ष २०८१।०८२ मा सुधार भईआएको करार सम्झौता पत्र प्रणालीमा अपलोड गर्न अनुरोध गर्ने भनी लेखा समितिवाट समेत सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने र आगामी दिनमा यस्ता कार्यहरुमा सुधार गर्ने गरी उल्लेखित विषयमा बेरुजु

छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

घ. **<u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४९ आन्तरिक लेखा परीक्षकलाई भुक्तानी गरिएको खर्च नियमित गर्ने सम्बन्धमाः</u>**

यस कार्यालयमा आ.ले.प. अधिकृत पदमा कार्यरत नारायणप्रसाद न्यौपानेको २०८१।०३।११ गतेदेखि लागु हुनेगरी स्वेच्छिक अवकाश स्विकृत भएको र सो मिति भन्दा अगाडी नीज यस कार्यालयमा नियमानुसार हाजिर भई Pre-audit कार्य गरेको र नीजलाई नियमानुसार पारीश्रमिक उपलब्ध गराईएको देखिन्छ। लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनले सो व्यहोरा औंल्याईसके पछी निजलाई प्रतिवेदन वुझाउनको लागि यस कार्यालयबाट पत्राचारसमेत गरिसकिएको थियो। आगामी दिनमा यस्तो अवस्था आउन नदिन र यस्ता वुझाउनुपर्ने प्रतिवेदन समयमै कार्यालयमा वुझाउन लगाउने तथा अवकाश वा रमानापत्र दिनुपूर्व त्यस्तो सवै विवरण कर्मचारीबाट प्राप्त भएको व्यहोरा सुनिस्चित गर्न कार्यालयले आवश्यक व्यवस्था मिलाउने र यस आर्थिक वर्षमा छुटै आ.ले.प.को व्यवस्था हुन नसकेमा आलेपको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय धादिङलाई अनुरोध गरी गत आर्थिक वर्षको आन्तरीक लेखा परीक्षण प्रतिवेदन संलग्न गरी प्रणालीमा अपलोड गर्न लेखा समितिवाट समेत सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने र आगामी दिनमा यस्ता कार्यहरुमा सुधार गर्ने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

**ङ. <u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ४४ विनियोजन भन्दा वढी खर्च भुक्तानी भएको रकम नियमित गर्ने सम्बन्धमाः</u>**

नीलकण्ठ नगरपालिकाद्धारा नगर क्षेत्र भित्रका कृषकहरुलाई उद्यमी वनाइ नगरमै जिविको पार्जन गर्ने र आर्थिक विकासमा टेवा पुऱ्याइ समृद्ध नगरको रुपमा विकास गर्न मेयर उद्यमशीलता विकास कार्यक्रय तयार गरी लागू गरेको छ। नगरपालिकाको आ.व. २०८०/०८१ मा मेयर उद्यमशीलता विकास कार्यक्रमको लागि विनियोजित भएको रकम रु ७५ लाख मध्ये ५० लाख विविध कार्यक्रमहरु सञ्चालन गर्न र २५ लाख वैकवाट प्राप्त भएको व्याज रकम अपुग भएमा शोधभर्नाको प्रयोजनार्थ विनियोजन गरिएकोमा विविध कार्यक्रम तर्फको रकम सकिएको र तत् पश्चात पनि उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत सञ्चालन भएको ७ दिवसीय व्यवसाय सचेतना तथा सुरु तालिम पश्चात उद्यमीहरु सहुलियतपूर्ण कर्जाको लागि नगरपालिकामा पेश भएको र मेयर उद्यमशीलता विकास कार्यक्रम सँग सम्वन्धित समितिहरुको वैठक वस्दा पदाधिकारीहरुले खाजा खाना लगायत विविध शीर्षकमा खर्च भएको हुदाँ विनियोजित भएको रकमवाट अपुग भएको कारण अन्य शीर्षकवाट भुक्तानी भएको हो। अव यस प्रकारका खर्च गर्दा कार्यालयले स्पष्ट शीर्षक तोकी कुन शीर्षकमा कुन प्रयोजनका लागि खर्च भएको हो खुलाइ भुक्तानी दिने व्यवस्था मिलाउने गरी उक्त कार्य सुधार गर्न  नगर कार्यपालिका मार्फत नगरसभामा पेश गर्ने सिफारिस गर्ने र सो खर्चलाई सुधार गर्न प्रणालिमा अपलोड गर्ने भनी लेखा सिमितवाट समेत सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने र आगामी दिनमा यस्ता कार्यहरुमा सुधार गर्ने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

च. **<u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं.५८ पदाधिकारी भ्रमण खर्च सुधार गर्ने सम्बन्धमाः</u>**

यस नगरपालिकाका नगर प्रमुख नेपाल नगरपालिका संघका अध्यक्षसमेत भएकाले देश भित्र तथा बाहिर भ्रमण भईरहने र देश वाहिर भ्रमण हुदा कार्यपालिकाको निर्णयबाट सम्बन्धित मन्त्रालयको स्विकृतिबाट भएको र कार्यालयको काममा देश भित्रै भ्रमण गर्दा नगर प्रमुखबाट भ्रमण आदेश स्वीकृत गर्ने गरिएको थियो। बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५ (३) को उपदफा १ वमोजिम हुने गरी कार्यपालिकावाट आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत भएका भ्रमण आदेश अनुमोदन गरी प्रणालीमा अपलोड गर्न अनुरोध गर्ने लेखा समितिको सिफारिस भै आएको र अव उप्रान्त ३ दिनभन्दा वढीको भ्रमण आदेश कार्यपालिबाट स्वीकृत वा अनुमोदन गर्न कार्यालयले आवश्यक व्यवस्था मिलाउने गरी उक्त सुधार गर्ने गरी कार्यपालिका मार्फत नगरसभामा पेश गर्ने सिफारिस गर्ने र सो खर्चलाई सुधार गर्न प्रणालिमा अपलोड गर्ने। साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने र आगामी दिनमा यस्ता कार्यहरुमा सुधार गर्ने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

छ. **<u>लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ५९ मु.अ.क.मा दर्ता नभएकोसंग गरिएको खरिद खर्च नियमित गर्ने सम्बन्धमाः</u>**

यस कार्यालयबाट आर्थिक वर्ष २०८०।०८१ मा टेन्ट पेन्टिङ लगायतका कार्यको लागि विभिन्न मितिमा खरिद कार्य गरिएको थियो। भुक्तानीको क्रममा टिडिएस कट्टी गरी खर्च लेखिएको थियो। उक्त खरिद कार्य गर्दा त्यस्तोखालको कारोवार तथा सेवा उपलब्ध गराउने मुअकमा

दर्ता भएको कुनै पनी फर्म कम्पनी स्थानीय वजारमा उपलब्ध नभएको र खरिद गर्नु अत्यन्त जरुरी भएकाले प्यानमा दर्ता भएकोबाट खरिद गरिएको थियो।

अव उप्रान्त यस्तो खालको खरिद गर्दा अनिवार्य मु.अ.क.मा दर्ता भएको कम्पनी तथा फर्मबाटमात्र खरिद गर्न आवश्यक प्रवन्ध कार्यालयले मिलाउने गरी एक पटकको लागि जरुरी भई भइसकेको उक्त खर्चलाई नियमित गर्न पेश गर्ने भनी लेखा समितिवाट सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने र आगामी दिनमा यस्ता कार्यहरुमा सुधार गर्ने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

**ज. लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक प्रतिवेदनको बुदाँ नं. ६१ विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ताहरुलाई भुक्तान गरिएको रकम नियमित गर्ने सम्बन्धमाः**

नेपालको संविधान, २०७२ अनुसार बालबालिकाहरुले बचाउ, विकास, संरक्षण र सहभागिता सम्बन्धी अधिकार नैसर्गिक रुपमा प्राप्त गर्नु पर्ने व्यवस्था छ। बाल बचाउ, विकास, संरक्षण र सहभागिताका लागि शिक्षा आधारभूत विषय हो। बालबालिकाहरुको शिक्षाको अधिकार स्थापित गर्न संविधानमा आधारभूत तह तथा माध्यमिक तह सम्मको सम्पूर्ण सञ्चालकीय तथा व्यवस्थापकीय जिम्मेवारी स्थानीय तहको रहेको छ।

तर यति हुदा हुदै पनि शिक्षक दरबन्दी मिलान कार्य संघीय सरकारबाट हुनु पर्ने व्यवस्था रहेको छ, यस नगरपालिकामा सो दरबन्दी मिलान कार्य हाल सम्म पनि तहगत रुपमा गरिएको छैन। वि.स. २०५६।५७ देखि शिक्षक दरबन्दी थप गरिएको छैन। जसबाट बालबालिकाहरुको गुणस्तरीय रुपमा पढन पाउने अधिकार खुम्चिएको छ। स्थानीय तहहरु स्थापना भए पश्चात

२०७३ पछी  शिक्षा तथा मानव स्रोत केन्द्र, सानोठिमी भक्तपूरको दरबन्दी वितरणका आधारमा नीलकण्ठ नगरपालिकाले १०६ वटा प्रारम्भिक बाल विकास सहजकर्ता कोटा प्राप्त गरेको छ। जस अनुसार  यस न.पा.मा बालविकासहरु विद्यालयमा आधारित तथा समूदायमा आधारित रुपमा सञ्चालनमा छन्। यी दरबन्दीहरु नीलकण्ठ नगरपालिकाले सृजना गरेको नभई तत्कालिन जिल्ला शिक्षा कार्यालय तथा शिक्षा विभागद्वारा सृजना तथा नियुक्ति गरिएको हो। यस नगरपालिकालाई दरबन्दी तथा सोको पारिश्रमिक संघीय ससर्त रकमको रुपमा हस्तान्तरण गरिएको तथा निज नियुक्त बालशिक्षकहरुको पेशागत सुरक्षाको संरक्षण गर्नुपर्ने प्रत्यक्ष जिम्मेवारी  नीलकण्ठ नगरपालिकालाई आएको छ।

सो दरबन्दीहरुलाई विषय शिक्षक दरबन्दी आवश्यकता तथा विद्यालय समायोजनका आधारमा विद्यालयहरुमा वितरण गरी कार्य जिम्मेवारी विद्यालयहरुबाट तोकिएको छ जसमा न्यून विद्यार्थी रहेका प्रारम्भीक बालविकास छन ति विद्यालयहरुले योग्यताका आधारमा बालविकास सहजकर्ताहरुलाई माथिल्ला कक्षाहरुमा जिम्मेवारी दिइ विषयगत शिक्षक अभावलाई न्यूनिकरण गर्दै आइरहेका छन। उक्त कार्यसंग सम्बन्धित विद्यालय व्यवस्थापन समिति र विद्यालयका निर्णय तथा विद्यालयको दैनिक कार्यतालिकाले पुष्टि गरेको छ।

**<u>प्रारम्भिक प्रतिवेदनमा उल्लिखित विद्यालयहरुको तथ्याङ्किय विवरण</u>**

| क्र.स. | विद्यालयको नाम | सञ्चालित कक्षा | स्वीकृत शिक्षक दरबन्दी | कार्यरत ईसिडी दरवन्दी | पदपूर्तिको अवस्था |
|---|---|---|---|---|---|
| १ | प्रकाश मा वि, नी.न.पा.-१ | ECD देखि १२ कक्षा सम्म | १० | २ | पदपूर्ति भएको |
| २ | मनकामना देवि आ वि, नी.न.पा.-५ | ECD देखि ८ सम्म | ६ | २ | पदपूर्ति भएको |
| ३ | पतेनी आ वि, नी .न.पा.-५ | ECD देखि कक्षा ८ सम्म | ५ | २ | पदपूर्ति भएको |
| ४ | अन्नपूर्ण आ वि, नी.न.पा.-२ | ECD देखि कक्षा ८ सम्म | ३ | २ | पदपूर्ति भएको |

माथि उल्लिखित विद्यालयहरुको सञ्चालित कक्षाको आधारमा स्वीकृत दरबन्दी अति न्यून रहेको छ। यो समस्यालाई न्यूनीकरण गर्न ECD दरबन्दीको वितरणले धेरै सहयोग गरेको छ।

विभिन्न समयमा बालविकास सहजकर्ताले स्थायित्व तथा अधिकार प्राप्तिका लागि गरेका प्रयासबाट नेपाल सरकार संग भएको सम्झौतामा बालविकास सहजकर्ताहरुलाई आन्तरिक प्रतिस्पर्धा गराइ स्थायी गर्ने व्यवस्था समेत राखेको देखिएकाले उहाहरुलाई तत्कालै सेवाबाट विदाइ दिन सकिने अवस्था छैन।

नीलकण्ठ नगरपालिका नगर कार्यपालिकावाट निर्माण गरिएको सामूदायिक विद्यालय समायोजन कार्यविधि, २०७९ मा ECD कक्षामा विद्यार्थी संख्याको मापदण्ड न्यूनतम् ५ जना तोकिएको छ। सो कारणले पनि माथि उल्लिखित विद्यालयहरुले ECD सहजकर्ता फिर्ता दिने र नगरपालिकाले अर्को विद्यालयमा वितरण गर्ने आधार कमजोर देखिन्छ।

यस नगरपालिकामा सञ्चालित सम्पूर्ण विद्यालयहरुको तहगत रुपमा शिक्षक दरबन्दी मिलान कार्य शिक्षा तथा मानव स्रोत केन्द्रद्वारा हुन बाँकी रहेको सन्दर्भमा यस नगरपालिकाले विद्यालयहरुमा पूर्ण रुपमा शिक्षक दरबन्दी दिन नसकेको र ECD सहजकर्ताहरुलाई पनि संघीय मापदण्ड बमोजिम कार्य जिम्मेवारी दिइ दरबन्दी मिलान गर्न असमर्थ रहेको छ। यदि निकट भविष्यमा सम्पूर्ण विद्यालयहरुको तहगत रुपमा शिक्षक दरबन्दी मिलान कार्य शिक्षा तथा मानव स्रोत केन्द्रद्वारा भए सम्पूर्ण ECD सहजकर्ताहरुलाई पनि संघीय मापदण्ड बमोजिम २५ जना बालबालिकाहरु बराबर १ जना हुने गरी दरबन्दी मिलान गरिने साथै बढी हुन आउने ECD सहजकर्ताहरुलाई पुल दरबन्दीमा राखि संघीय सरकारलाई पूर्ण रुपमा फिर्ताकालागि सहयोग गर्ने प्रतिवद्धता गरी नियमित गर्नेको लागि प्रणालिमा अपलोड गर्न लेखा समितिवाट सिफारिस भै आएको साथै उक्त खर्चबाट सरकारी हानी नोक्सानी नभएको देखिएको हुदाँ उक्त खर्चलाई अनुमोदन गरी नियमित गर्दै आगामी दिनमा पर्याप्त छलफल गरी वित्तिय सुशासन कायम गर्दै

खर्च गर्न समेत सुझाव सहित नगरसभाले जिम्मेवारी लिने र आगामी दिनमा यस्ता कार्यहरुमा सुधार गर्ने गरी उल्लेखित विषयमा बेरुजु छलफल तथा नियमित गर्ने निर्णय उपर छलफल गरी नगर सभाका सम्पूर्ण सदस्यहरुवाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

१०. **<u>वजेट कार्यक्रमहरु संशोधन एवम् योजना तथा कार्यक्रम, थप वजेट शीर्षक वडा गर्ने सम्वन्धमाः,</u>**
यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनको निर्णय नं. ३४ र ऐ.ऐ नगर सभावाट स्वीकृत विनियोजन ऐन, २०८१ को दफा (३) को उपदफा (२) र (३) अनुसार बजेट कार्यक्रमको कार्यान्वयनको सिलसिलामा विभिन्न योजना तथा कार्यक्रममा विभिन्न बजेट शीर्षकवाट रकम व्यवस्थापन गरी बजेट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने सम्वन्धमा भएका निर्णयहरु स्वीकृत गर्ने। साथै दोस्रो नगर सभाको पाँचौ अधिवेशनवाट विनियोजन भएको योजना तथा कार्यक्रम एवम् एकमुष्ठ वजेट सीमामा फरक नपर्ने गरी थप वजेट शीर्षक अनुशन्धान तथा विकास सम्वन्धी खर्च शीर्षक खडा गरी योजना तथा कार्यक्रममा रकम विनियोजन गर्ने र पाँचौ नगर सभावाट चालु आ.व.मा कार्यान्वयन हुने गरी जी.टु.जी. तथा अन्य सार्वजनिक निर्माण शीर्षकमा विनियोजन भएको वजेटवाट समेत देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा वजेट विनियोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**<u>तपसिल</u>**

| योजना तथा कार्यक्रमका (श्रोत व्यवस्थापन समेत) | | | | |
|---|---|---|---|---|
| जी टु जी कार्यक्रमका लागि विनियोजित वजेटवाट कार्यान्वनय हुने योजना तथा कार्यक्रमहरुको विवरण | | | | |
| **सि.न.** | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **ठेगाना** | **कैफियत** |
| १ | नगरपालिका अगाडि शौचालयको मर्मत | ९००००० | नी.न.पा.३ | |
| २ | ससाहमा शौचालयको मर्मत | ६००००० | नी.न.पा.८ | |
| ३ | सशस्त्र प्रहरी भवन मर्मत | ७००००० | नी.न.पा.३ | |
| ४ | मालपोत कार्यालय मर्मत | ६००००० | नी.न.पा.३ | |
| ५ | वडा कार्यालय म्याचिङ फण्ड तर्फ नगरपालिकावाट | ४०००००० | | |
| ६ | ज्यामिरे भञ्याङ्ग पार्क निर्माण | १५००००० | नी.न.पा.९ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | खेल मैदान निर्माण थप रकम | २०००००० | नी.न.पा.३ | |
| ८ | पाल्पा भञ्ज्याङ्ग मन्दिर निर्माण | २०००००० | नी.न.पा.९ | |
| ९ | रिमाल डि खानेपानी टयाङ्कफ निर्माण | ६००००० | नी.न.पा.१४ | |
| १० | दलित छात्रावास निर्माण | १०००००० | नी.न.पा.४ | |
| ११ | मञ्जु श्री विद्यालय शौचालय निर्माण | ७००००० | नी.न.पा.११ | |
| १२ | शक्ते शक्ति मन्दिर | ५००००० | नी.न.पा.८ | |
| १३ | वृद्वा आश्रम | ५००००० | नी.न.पा.८ | |
| १४ | पाल्पा सामरी भञ्जायङ्ग शौचालय पहिरो नियन्त्रण | १०००००० | नी.न.पा.९ | |
| १५ | कुमाल सग्राहलय | ५००००० | नी.न.पा.८ | |
| १६ | रिङ्गरोड निर्माण थप रकम | २०००००० | नी.न.पा. | |
| १७ | ग्राउण्ड निर्माण १३ | १०००००० | नी.न.पा.१३ | |
| १८ | वडाहरुलाइ प्रति वडा रु ३ लाखको दरले | ४२००००० | | |
| १९ | पाँचधारे काउले सडक स्तरोउन्नती | ८००००० | नी.न.पा.२ | |
| २० | कविलास टोल,थुम्की पाडे टोल खा.पा | ९००००० | नी.न.पा.५ | |
| - | **जम्मा रकम** | **२६००००००** | - | - |
| **अन्य सार्वजनिक निर्माणवाट कार्यान्वनय हुने गरी विनियोजित योजना तथा कार्यक्रम** | | | | |
| १ | नयाँगाउँ सडक | १५००००० | नी.न.पा.१० | |
| २ | सातमुले तारुखर्क खा.पा | ७००००० | नी.न.पा.७ | |
| ४ | काफल पानी धाराखोला सडक स्तरोउन्नती थप रकम | १५८००० | नी.न.पा.९ | |
| ५ | देउराली तारुका गैरीगाउँ खोलावेसी सडक मर्मत | १७०००० | नी.न.पा.५ | |
| ६ | तल्लो जलकेनी माथिल्लो जलकेनी सडक निर्माण | १०००००० | नी.न.पा.६ | |
| ८ | वृहद खानेपानी व्यवस्थापन | १५००००० | नी.न.पा.८ | |
| | **जम्मा रकम** | **५०२८०००** | | |
| **समपुरक साझेदारी कोषबाट रकमान्तर हुने गरी विनियोजित योजना तथा कार्यक्रम** | | | | |
| १ | उद्योग वाणिज्य संघ धादिङको भवन स्तरोउन्नती | ६००००० | नी.न.पा. | |
| २ | खर्क पुच्छार खानेपानी मर्मत | ४००००० | नी.न.पा.१ | |
| | **जम्मा रकम** | **१०००००० ** | | |
| **विविध खर्च** | | | | |
| सि.न. | **योजना तथा कार्यक्रमको नाम** | **विनियोजित रकम** | **ठेगाना** | **कैफियत** |
| १ | पञ्चिकरणका लागि वायोमेट्रिक डिभाइस खरिद | ४७२००० | नी.न.पा. | |
| २ | **जम्मा रकम** | **४७२०००** | | |

| अन्य सार्वजनिक निर्माणबाट वजेट शीर्षक अनुसन्धान तथा विकास सम्बन्धि खर्चमा रकमान्तर गरिएको र सोहि शीर्षक अनुसार विनियोजित योजना तथा कार्यक्रम | | | | |
|---|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | ठेगाना | कैफियत |
| १ | सन्तुष्टि सर्भेक्षण | ५००००० | | |
| २ | नीलकण्ठ क्याम्पस अनुदान | २०००००० | | |
| | **जम्मा रकम** | **२५०००००** | | |

| समपुरक साझेदारी कोषवाट सेवा तथा परामर्श शीर्षकमा रकमान्तर गरिएको र सोहि शीर्षक अनुसार विनियोजित योजना तथा कार्यक्रम | | | | |
|---|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | ठेगाना | कैफियत |
| १ | आबधिक योजना निर्माण | १०००००० | | |
| २ | क्षमता विकास योजना निर्माण | १०००००० | | |
| | **जम्मा रकम** | **२००००००** | | |

११. **आर्थिक ऐन,२०८१ मा संशोधन सम्वन्धमाः,**

यस नगरपालिकाको आ.व. २०८१/०८२ को संशोधित आर्थिक ऐन, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो।

१२. **दरवन्दी थप गर्ने सम्वन्धमाः,**

नगर कार्यपालिकाको कार्यालय एमव् वडा कार्यालय तथा विद्यालयहरुमा कार्यसम्पादनलाई सहजीकरण गरी कार्यवोझ व्यवस्थापन गर्न थप जनशक्ति आवश्यक देखिएकोले देहाय वमोजिमका दरवन्दीहरु थप गर्ने निर्णय स्वीकृत गरी पदपूर्ति गर्ने निर्णय गरियो।

**तपसिल**

क. कम्प्यूटर अप्रेटर -२ जना (शिक्षा शाखा र राजश्व शाखा)
ख. घरवाहल संकलक -१ जना
ग. नगर अनुदान शिक्षक तर्फका दरवन्दीहरु सिर्जना गर्ने -४२ जना
घ. कार्यालया सहयोगी - २ जना
ङ. सरसफाइकर्मी - २ जना

१३. **<u>दीर्घरोगी, मासिक सुविधा- गरिवी परिचयपत्र नभएका वास्तविक नागरिकहरुलाई पनि उपलब्ध गराउने सम्वन्धमाः,</u>**

नेपाल सरकारद्वारा वितरण गरिदै आएको दीर्घरोगी, मासिक सुविधालाई व्यवस्थित वनाउन नेपाल सरकारवाटै वितरण गरिएको गरिवी परिचयपत्रलाई आधार वनाउने निर्णय भएकोमा यस नगरपालिकामा गरिवी परिचयपत्र भएकका नागरिकहरुको हकमा सोही वमोजिम हुने गरी व्यवस्थापन गर्ने र गरिवी परिचयपत्र नभएको खण्डमा वडा कार्यालयवाट वास्तविक गरिवीको रेखामुनी रहेको, आर्थिक अवस्था कम्जोर भएको भनी मुचुल्का सहित विपन्नताको सिफारिस भइ आएका दीर्घरोगीहरुलाई वा त्यस्ता नागरिकहरुलाई समेत सो सुविधा उपलब्ध गराउने निर्णय गरियो। यसरी गरिने मुचुल्काको दस्तुर मिनाह गर्ने निर्णय गरियो।

१४. **<u>नागरिक वडापत्र- QR code वनाउने सम्वन्धमाः,</u>**

नगरपालिकावाट सम्पादन हुने दैनिक कामकाजहरुको जानकारी आम नागरिकहरु समक्ष सहज रुपले पुगोस र नागरिकहरुले प्राप्त गर्ने सेवा सुविधाहरु सहज रुपमा उपलब्ध होस भनी नागरिकहरुको हक र अधिकारलाई सुनिश्चत एवम् जानकारीका लागि तयार भएको नागरिक वडापत्रलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न **<u>QR code</u>** को रुपमा विकास गरी आम नागरिकहरुलाई सहज रुपमा उपलब्ध गराउने गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

१५. **<u>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवाहरुका लागि रुपान्तरण पहल आयोजनाहरु संशोधन गर्ने सम्वन्धमाः,</u>**

नीलकण्ठ नगरपालिकाको पाँचौ नगर सभावाट स्वीकृत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवाहरुका लागि रुपान्तरण पहल आयोजनाहरुमा विनियोजित वजेट मध्येमा कार्यविधि वमोजिम ५० प्रतिशत रकम तालिम अवधिको पारिश्रमिकमा खर्च गर्नुपर्ने भएकोले कार्यस्थलमा गरिने तालिमको लागि पारिश्रमिक ५० प्रतिशत र वाँकी ५० प्रतिशत रकमका सम्वन्धमा योजनाको

लागि ज्याला भुक्तानी दिने गरी कार्य संचालन गर्ने निर्णय गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै विनियोजित बजेटको सीमामा रही सोही बमोजिम नै हुने गरी सम्बन्धित कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि अनुसार निर्माणमा कार्य गर्ने सूचिकृत वेराजगारहरुलाई दिईने ज्यालावापतको रकम र १० दिने जीवन निर्वाह तथा ४० दिने कार्यगत सीप तालिमको लागि पारिश्रमिकमा भुक्तानी गर्नुपर्ने रकम विभाजन गरी सोही बमोजिम हुने गरी आयोजनाहरुमा विनियोजन भएको रकम र शीर्षक संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

## तपसिल

## संशोधित योजना तथा कार्यक्रमको विवरण

| सि.नं. | | कार्यक्रमहरु/आयोजनाहरु | ईकाइ | परिणाम | वजेट रु | कैफियत |
|---|---|---|---|---|---|---|
| युवाहरुका लागि रुपान्तरण पहल आयोजनाहरु | | | | २७२०००० | | |
| २ | - | कार्यक्रमहरु/आयोजनाहरु | वेरोजगार संख्या | कार्यान्वयन हुने वडा | वजेट रु | |
| | २.१ | ४० जनालाई १० दिने जीवन निर्वाह तथा ४० दिने कार्यगत सीप तालिम (५० दिन) सहभागीहरुको लागि ज्याला रकम | | नगर क्षेत्र | १३६०००० | ४० जनाको लागि |
| | २.२ | वडा नं.९ का सिढि निर्माण | ६३ | ९ | ३२०००० | |
| | २.३ | वडा स्तरीय सिढि र चौतारा निर्माण | ५५ | ८ | २७५००० | |
| | २.४ | डोडखोला उचेत सिमडाँडा सिढि निर्माण/माझगाउँ भाङखर्क सिढि निर्माण | ४५ | १३ | २२०००० | |
| | २.५ | सातडाँडा मग्राती टोल जलकेनी सिढि निर्माण | ४० | ६ | २००००० | |
| | २.६ | खर्क थापा गाउँ,पच्चिसे माझगाउँ,दमाइडाँडा पौवाघर,आँपखोला सालभञ्ज्याङ, वलिङखोला,विमिरे,सिढि वाटो निर्माण | ३८ | ४ | १९०००० | |
| | २.७ | पारकुना देखी मानेडाँडा सम्म सिढि निर्माण | ३१ | १ | १५५००० | |
| | | जम्मा रु | २७२ | | २७२०००० | - |

१६. <u>**डिप वोरिङ्ग भुक्तान दिने सम्वन्धमा (वडा नं. ७)**</u>

वागमती प्रदेश सरकारद्वारा गत आ.व.मा नीलकण्ठ नगरपालिका वडा नं. ७ मा कार्यान्वयन हुने गरी प्रदेश सर्सत कार्यक्रम अन्तर्गत खेती योग्य जमिन सिंचाइ कार्यक्रम अन्तर्गत (लुम्वा खेतको डिप वोरिङ्ग) मा विनियोजन भएको योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि प्रारम्भिक रुपमा भौगोलिक अध्यायन गराउदा पानी निस्कने प्रतिवेदन पेश भएको आधारमा उक्त आयोजनाको कार्य प्रारम्भ गरी करिव २०० मिटरसम्म गहिराइ खन्दासमेत पानी नआएको तर आयोजना कार्यान्वयन भएकोमा यस कार्यालयसँग भएको सम्झौता वमोजिम कार्य भएको प्राविधिक प्रतिवेदन समेत प्राप्त भएकोले प्राविधिक मूल्याङ्कनका आधारमा हुन आउने रकम सम्वन्धित पक्षलाई भुक्तानी दिने निर्णय गरियो।

१७. <u>**संगठनात्मक सर्वेक्षणका लागि समिति गठनका सम्वन्धमाः,**</u>

नीलकण्ठ नगरपालिकाको कार्यसम्पादन तथा कार्यविभाजन नियमावली समय सापेक्ष हुने गरी परिमार्जन गर्न र नगरपालिकाको संगठन तथा व्यवस्थापन (ONM) सर्वेक्षण गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय वमोजिम हुने गरी ७ सदस्यीय संगठनात्मक सर्वेक्षण समिति गठन गर्ने निर्णय स्वीकृत गरियो।

<u>**तपसिल**</u>

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. सुशासन तथा क्षमता विकास समिति संयोजक - सदस्य

ग. कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

घ. स्वास्थ्य शाखा प्रमुख - सदस्य

ङ. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

च. योजना शाखा प्रमुख - सदस्य

छ. प्रशासन शाखा प्रमुख – सदस्य सचिव

उक्त समितिलाई नीलकण्ठ नगरपालिकावाट स्वीकृत कार्यविधि वमोजिमको सुविधा उपलब्ध गराउने।

१८. **न्यायिक सहजकर्ताको पद परिवर्तनका सम्वन्धमाः,**

नगरपालिकामा न्यायिक निरुपणको विषय दिन प्रतिदिन जटिल वन्दै गएको र उजुरीको सख्यामा समेत वढोत्तरी हुँदै गएको तर न्यायिक समितिलाई सहयोग गर्ने निर्धारित कर्मचारीको पनि व्यवस्थापन हुन नसकेकामा वागमती प्रदेश सरकारवाट विगत आमा पठाइएका .व. न्यायिक सहजकर्ताको प्रदेशवाट निरन्तरता नभएको हुदाँ नगरपालिकामा रहेको न्यायिक समितिमा एक (१) जना न्यायिक सहजकर्ता (कम्प्यूटर अपरेटरको समेतको काम गर्ने गरी) आवश्यक देखिएको हुदाँ एक जना न्यायिक सहजकर्ता (चौथो तह) को दरवन्दी सिर्जना गरिएकोमा उक्त पदलाई मेलमिलाप सहजकर्ताको रुपमा रुपान्तरण गरी नगरपालिकामा मेलमिलापकर्तामा कार्यरत तालिम प्राप्त व्यक्तिहरुमध्येवाट पदपूर्ति गर्ने निर्णय स्वीकृत गर्ने गरियो।

१९. **फोहोरमैला व्यव्थापन तथा शुल्कमा छुट प्रदान सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन तथा हाल फोहोरमैला उठाए वापत नगरपालिकालाई अझ छिटो छरितो माध्यमवाट उठाउन र नगरपालिकालाई वढी जिम्मेवार वनाउनका लागि देहाय वमोजिम छुट तथा जरिवानाको व्यवस्थाका लागि नगर सभा समक्ष पेश भएको निर्णय स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

क. सोही महिना भित्र वुझाएमा - २० प्रतिशत छुट

ख. अर्को महिनाको १० गते भित्र वुझाएमा - १० प्रतिशत छुट

ग. वुदाँ "ख" सहित २ महिना भित्र वुझाएमा - शुल्क मात्र

घ. वुदाँ "ग" पछिको २ महिना भित्र वुझाएमा - १० प्रतिशत थप जरिवाना

ङ. वुदाँ "घ" पछि जहिलेसुकै वुझाएमा - २० प्रतिशत थप जरिवाना

तर हालसम्मको वाँकी वक्यौता रकम वुझाउन २०८१ चैत्र मसान्तसम्मको समय प्रदान गर्ने र सो पश्चात पनि नवुझाएमा थप २० प्रतिशत जरिवाना समेत असुल गर्ने।

२०. <u>सवारी साधन खरिद गर्ने सम्वन्धमाः,</u>

नीलकण्ठ नगरपालिकाको भौगोलिक अबस्था जटिल रहेको र नगरका वडाहरुसमेत टाढा भएकोले नगरपालिकामा हुने कार्यालयगत कामकाज, दैनिक प्रशासनीक कार्यसम्पादन गर्न, कार्यालयगत वैठक वा कार्यक्रमहरुमा आवतजावत गर्न कठिनाइ भइरहेकोले कार्यालय प्रयोजनका लागि तत्काल आवश्यक रहेका १० थान मोटरसाइकल चालु आर्थिक वर्षमा नै खरिद गर्न रकम विनियोजन गरिएको हुदाँ सवारी साधन खरिदका लागि अर्थ मन्त्रालयमा स्वीकृतिका लागि लेखि पठाउने निर्णय गरियो।

२१. <u>अख्तियारी दिने सम्वन्धमाः,</u>

नीलकण्ठ नगरपालकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनद्वारा स्वीकृत नीति, कार्यक्रम तथा वजेटको सीमामा फरक नपर्ने गरी कुनै कारणले वचत हुन जाने समानिकरण तथा आन्तरिक आम्दानीको रकमवाट योजना तथा कार्यक्रमहरु वनाइ कार्यान्वयन गर्न तथा खर्च गर्ने अख्तियारी नगर प्रमुख र कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो।

२२. <u>चालु तथा पूँजिगत खर्चको समिक्षा गर्ने सम्वन्धमाः,</u>

गत आ.व. २०८०/२०८१ को चालु खर्च र पूँजिगत खर्चको यथार्थ विवरण र चालु आ.व. २०८१/०८२ को कार्तिकमसान्तसम्मको प्रगति/मुख्य उपलब्धी सहितको आर्थिक क्रियाकलापहरु उपर छलफल तथा समिक्षा गरी कार्यप्रगति सम्वन्धी प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

२३. **न्यायिक प्रगति प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमाः,**

न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री दिपक विश्वकर्माज्यूवाट प्रस्तुत मिति २०८१ कार्तिकमसान्तसम्मको न्यायिक समितिद्धारा सम्पादित कार्यको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

२४. **योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने सम्वन्धमाः,**

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौं अधिवेशनवाट स्वीकृत भएका योजना तथा कार्यक्रममा असर नपर्ने गरी सम्वन्धित शीर्षकमा खर्च नभएका एवम् स्वीकृत बजेट शीर्षकहरुमा बचत हुने रकमवाट यस कार्यालयमा तत्काल कार्यान्वयन गर्नुपर्ने भै प्राप्त भएका योजना तथा कार्यक्रमका सम्बन्धमा नगर कार्यपालिकाको विभिन्न वैठकवाट भए गरेका सम्पूर्ण योजना तथा कार्यक्रम एवम् तत्काल सम्वोधन गर्नुपर्ने गरी नगर प्रमुखस्तरीय निर्णयबाट कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो।

२५. **नगर कार्यपालिका वैठकका निर्णय तथा अन्य समितिहरुका निर्णय उपर समिक्षा गर्ने सम्वन्धमाः,**

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनद्वारा चालु आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने पारित नीति, कार्यक्रम र बजेटको सिमामा प्रभाव नहुने गरी तत्काल संवोधन गर्नुपर्ने भै कार्यान्वयनका लागि विभिन्न मितिमा भएका नगर कार्यपालिका वैठकका सम्पूर्ण निर्णयहरु, नगर प्रमुखस्तरीय सम्पूर्ण निर्णयहरु, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विधायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, लेखा समिति एवम् नगर शिक्षा समितिका संयोजकहरुले पेशगर्नु भएको मिति २०८१ कार्तिकमसान्त सम्म भएका सम्पूर्ण कार्यसम्पादन प्रतिवेदन तथा काम कारबाहीहरु उपर छलफल तथा समिक्षा गरी स्वीकृत गर्ने निर्णय गरियो।

२६. **योजना तथा कार्यक्रमहरुको समिक्षा तथा भुक्तानी स्वीकृत गर्ने सम्वन्धमाः,**

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौं अधिवेशनद्वारा चालु आ.व २०८१/०८२ मा कार्यान्वयन हुने गरी विनियोजित योजना तथा कार्यक्रमहरु मिति २०८१ कार्तिक मसान्तसम्म कार्यान्वयन भई भुक्तानी भएका एवम् अनुगमन तथा मुल्यांकन समितिवाट अनुगमन मूल्याकन भै कार्यपालिका मार्फत पेश भएको प्रतिवेदन उपर छलफल गरी योजना अनुगमन तथा मुल्याङ्कन समितिले फरफारक गरेको योजना तथा कार्यक्रमहरु र सो वमोजिम भएको सम्पूर्ण भुक्तानी स्वीकृत गर्ने निर्णय गरियो।

२७. **<u>प्रदेश समपुरक अनुदान तर्फको योजनकको ठेगाना सच्याउने सम्वन्धमाः,</u>**

नीलकण्ठ नगरपालिकामा चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी प्रदेश सरकारवाट समपुरक तर्फ विनियोजन भएको हनुमानडाँडा राममन्दिर हुदै जाने कृषि सडक स्तरोउन्नती नी.न.पा.१० हुनुपर्नेमा अन्यथा भएकोलै सच्याउने निर्णय गरियो।

२८. **<u>आवधिक योजना निर्माण गर्ने सम्वन्धमाः,</u>**

नीलकण्ठ नगरपालिकाको पहिलो आवधिक योजना २०८१/०८२ सम्मका लागि मात्र भएकाले दोस्रो आवधिक योजना २०८२-०८७ एकीकृत शहरी विकास योजनाको लक्ष्य अनुरुप हुने गरी नगर कार्यपालिका, विषयगत समिति, वडा कार्यालयहरु र सवै सरोकारवालाहरु सँगको सहभागीतासमेत हुने गरी यसै आर्थिक वर्ष भित्रमा तयार गर्ने निर्णय गरियो।

२९. **<u>क्षमता विकास योजना निर्माण गर्ने सम्वन्धमाः,</u>**

नीलकण्ठ नगरपालिकाको समग्र संस्थागत क्षमता विकास र व्यवस्थापनका लागि तयार गरिएको त्रीवर्षीय क्षमता विकास योजना र पुरक संस्थागत क्षमता विकास योजनाको निर्धारित समय र क्रियाकलाप सम्पन्न भएकाले आगामी तीन वर्षका लागि नगरपालिकाको समग्र जनशक्ति, संस्थागत प्रणाली र लक्षित सरोकारवलाहरुको क्षमताको आवश्यकता पहिचान गरी संस्थागत क्षमता विकास योजना चालु आर्थिक वर्ष भित्रमा तयार गर्ने निर्णय गरियो।